जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com


प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजंगल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १४९ • २०७९ साल कार्तिक ४ गते शुक्रबार (21 October, Friday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# स्पष्टीकरण नआउँदै नेपाललाई कारवाही गर्न रौतहट प्रहरीलाई आयोगको पत्र

टुडे समाचादाता

काठमाण्डु । निर्वाचन आयोगले पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाललाई स्पष्टीकरण सोधेको छ । स्पष्टीकरणसँगै आयोगले जिल्ला प्रहरी कार्यालय रौतहटलाई कारवाही प्रक्रिया अगाडि बढाउनसमेत पत्र लेखिसकेको छ। हालै रौतहटमा आयोजित एक कार्यक्रममा मतदातालाई प्रलोभन पार्ने गरी वक्तव्य दिएको भन्दै विहीबार आयोगले अध्यक्ष नेपाललाई स्पष्टीकरण सोधेको हो।



नेपालले फ्री भिसा र फ्री टिकटमा मतदातालाई विदेश पठाउने भनी वक्तव्य दिएको आयोगको पत्रमा उल्लेख छ । आयोगले लेखेको पत्रमा भनिएको छ, 'उपर्युक्त सम्बन्धमा रौतहट जिल्लामा आयोजित कार्यक्रममा तपाईंले आफूले चुनाव जिते देशबाहिर युवालाई रोजगारीको अवसर दिने आश्वासन बाँडेको भन्ने विषयको समाचार प्रकाशन भएको, तपाईंले 'बिना ढेउवा के भिसा मिलते हैं, टिकट मिलते हैं, काठमाडौं तालिम मिलते है' भनि सार्वजनिक वक्तव्य दिएको श्रव्यदृश्य सामग्री सामाजिक सञ्जालमा सार्वजनिक भएको र सामाजिक सञ्जालमार्फत सार्वजनिक भएको सो श्रव्यदृश्य सामग्रीका विषयमा आयोगबाट गठित सामाजिक सञ्जाल अनुगमन टोलीबाट अध्ययन तथा परीक्षण गर्दा तपाईंको होइन भनी भन्न सकिने कुनै आधार कारण नदेखिएकोले उक्त विषयप्रति आयोगको गम्भीर ध्यानाकर्षण भई यो पत्र लेख्ने कार्य भएको छ।'

आयोगले नेपाललाई २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न भने पनि रौतहट जिल्ला प्रहरी कार्यालयलाई आजै पत्र लेखेर कारवाही प्रक्रिया अगाडि बढाउन भनेको छ। सामाजिक सञ्जालमा सार्वजनिक भएको वक्तव्य नेपालकै भएको उल्लेख गर्दै आयोगले नेपालविरुद्ध कारवाही प्रक्रिया अगाडि बढाउन पत्र लेखेको हो।

निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २० को उपदफा (४) को खण्ड (च) मा कुनै किसिमले लोभ लाल देखाउने वा आर्थिक प्रलोभन देखाउन नहुने व्यवस्था छ। ऐनको दफा २० को उपदफा (४) उपदफा (१) को खण्ड (च) विपरीतको कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा र २ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था छ।

आयोगले माधवकुमार नेपालबाट निर्वाचन सम्मुखमा युवाहरुलाई विदेश पठाउने भनी सार्वजनिक रूपमा प्रलोभन देखाउने कार्य गरेकोले सम्बन्धमा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३९ बमोजिम आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय रौतहटलाई अनुरोधसहित पत्र लेखेको हो।


## डेंगी के हो ? लक्षण र बच्ने उपाय

डेंगी एक प्रकारको ज्वरो हो। डेंगी भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ। यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ। यसले स-साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ।
खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, प्लास्टिकका खाली डब्बा, थोत्रो टायर, फुलदानी, गमला, पानीका ट्ंयाकी आदिमा यस्ले फुल पार्दछ।

**लक्षणहरू**
- टाउको, ढाड, जोर्नी तथा मांसापेशिहरू दुख्ने
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
- पेट दुख्ने, वाकवाकी लाग्ने
- शरीरमा बिमिरा आउने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि

**बच्ने उपायहरू**
- लामखुट्टेको टोकाइबाट बच्न शरिर ढाक्ने लुगा लगाउने
- लामखुट्टेको वृद्धि रोक्न पानी जम्न नदिने
- पानी ट्याङ्की छोपेर राख्ने
- फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने
- यो लामखुट्टेले दिउँसो टोक्ने भएका कारण दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने

लक्ष्मीनियाँ गाउँपालिका
लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश







# सरकारी गाडीको दुरुपयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा सरकारी कामकाज बाहेक अन्य काममा प्रयोग गर्न नपाइने सरकारी गाडीको दुरुपयोग बढ्दै गएको छ ।

जनप्रतिनिधि र सरकारी कर्मचारीले आफूअनुकूल सरकारी गाडीको प्रयोग गर्न थालेका छन्। विभिन्न मेला महोत्सव, घुमघाम र निजी काममासमेत सरकारी गाडी प्रयोग भइरहेका छन्। तर कुनै पनि निकायले गाडी दुरुपयोग भएको नियमन गरेको छैन ।



बिहीबार शहीदनगर नगरपालिकाकी उपप्रमुख सुनिता सिंह सरकारी गाडी लिएर घरायसी प्रयोजनको लागि सरसामान किनमेल गर्न मैथानपुर नाकामा पुगेका थिइन्। उपप्रमुख सिंहले चढ्दै आएको प्रदेश -२-०२-००१ भ ००६७ नम्बरको सरकारी गाडी प्रयोग गरी किनमेल गर्न नेपाल-भारत सीमा नाकामा पुगेका थिइन् । कार्यालयको काममा मात्रै प्रयोग गर्नुपर्ने सरकारी गाडी लिएर उपप्रमुख सिंह आफ्नो श्रीमान् र छोरासहित घरायसी प्रयोजनको लागि सरसामान किनमेल गर्न बिदेह नगरपालिका-१ स्थित मैनाथपुर नाकामा पुगेकी थिइन्। उपप्रमुख सिंह दशगजा नजिकै गाडी पार्किङ गरेर सरसामान लिन सीमापारी पुगिन्।

सीमापारीबाट फर्केपछि किनेको सामानहरु गाडीमा राख्न खोज्दा बिओपी मैनाथपुरका प्रहरीले गाडीमा सामान राख्न नदिएपछि त्यो समानहरु टेम्पोमा राखेर गएको सशस्त्र प्रहरीले बताए।

उपप्रमुख सिंहले घरायसी प्रयोजनको सामग्री लिन सीमापारी जादैछौं' भनेर सीमामा खटिएका सशस्त्र प्रहरीलाई भनेको बिओपी मैनाथपुरका सशस्त्र प्रहरी निरीक्षक गणेश पाण्डेले बताए। उनले भने, 'सरकारी गाडीमा व्यक्तिगत सरसामान ढुवानी गर्न पाइदैन ।

हामीले त्यस्तो देखेपछि रोकेका हौं, गाडीमा सरसामान राख्न नदिएपछि उपप्रमुख सिंहले टेम्पोमा राखेर जानुभयो।' 'श्रीमान् र छोरासँगै गाडीमा घरायसी प्रयोजनको लागि सरसामान लिन सीमापारी गएका थियौं।

तर हामीले किनेको सामानहरु सरकारी गाडीमा नराखी टेम्पो भाडा गरी ल्याएको।' उनले भनिन् 'सरकारले स्वयम् सरकारी सम्पत्तिको दुरुपयोग गर्दैछन्, हामीले सानोतिनो दुरुपयोग मात्रै गरेको हो।'

# ३ महिनामा ९९ लाखको अवैध सामान बरामद

**टुडे समाचारदाता**

राजविराज । प्रहरीले चेकजाँचमा कडाइ तथा सीमानाका क्षेत्रमा निगरानी बढाएसंगै दिनहुँजसो चोरी पैठारी गरी ल्याइएका विभिन्न अवैध सरसामान पक्राउ पर्ने क्रम बढेको छ । अघिल्लो दिन भन्सार छली ल्याइएका १ लाख भन्दा बढीको सरसामान पक्राउ गरी प्रहरीले भन्सार कार्यालयलाई बुझाएको छ । त्यस्तै, बिहीबार ८९ हजार ८ सय ५० रुपैया भन्दा बढीको अवैध सरसामान भन्सार कार्यालयमा बुझाएको छ।



डिएसपी एवं जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी नरेश कुमार सिंहका अनुसार भन्सार छलेर भारतबाट ल्याइएका ८९ हजार ८ सय ५० रुपैया भन्दा बढीको किराना, लताकपडा तथा भाडा वर्तन लगायतका अवैध सरसामान राजविराज नगरपालिका ८ स्थित सडक खण्डमा चेकजाँचको क्रममा बरामद गरिएको हो । प्रहरी देख्नासाथ तस्करहरु भने उक्त समान छाडेर भागेको उनले बताए। बरामद समान आवश्यक प्रकृया पूरा गरी तिलाठी स्थित राजविराज भन्सार कार्यलयमा बुझाइएको छ।

प्रहरीले यस अघि बुधवार पनि छिन्नमस्ता गाउँपालिका क्षेत्रबाट ५८ हजार २ सय ३६ तथा मंगलवार १ लाख भन्दा बढीको भन्सार छलेर ल्याइएका अवैध सरसामान जफत गरी भन्सार कार्यालयमा बुझाएको थियो ।

प्रहरीले चालु आ.व.को ३ महिनाको अवधिमा ९९ लाख ३४ हजार ३ सय ८३ रुपैया मूल्य बराबरको भन्सार छलीका विभिन्न सामान बरामद गरेको छ ।

प्रहरी उपरीक्षक अविनारायण काफ्लेका अनुसार गत आ.व.२०७८/०७९ मा २ करोड ६२ लाख ७५ हजार ८ सय ८९ रुपैया बराबरको अवैध सरसामान जफत गरी भन्सार कार्यालयमा बुझाइएकोमा चालु आ.व.०७९/०८० को साउन, भदौ, असोज गरी ३ महिनामा ९९ लाख ३४ हजार ३ सय ८३ रुपैया बराबरको भन्सार छलीका अवैध सरसामान बरामद गरिएको छ । खुल्ला सीमा नाकाको प्रयोग गर्दै तस्करहरुले भारतीय बजारबाट नेपाली वजारमा चोरी पैठारी गर्दै मालसामानहरु भित्र्याइ रहेको सूचनापछि चेक जाँचमा कडाइ र निगरानी बढाइएको प्रहरी उपरीक्षक काफ्लेको भनाइ छ ।

भन्सार छलेर ल्याइएको सरसामानमा सबभन्दा बढी किराना, पान मसाला, लताकपडा र इलोक्ट्रोनिक्सका सरमासनहरु रहने गरेको पाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। यस्तै तीन महिनाकै अवधिमा अवैध सरसामान ओसार पोसारमा प्रयोग गरिएका तथा भन्सार नकाटी संचालन गरिएका ठूलो संख्यामा सवारी साधनसमेत जफत गरी भन्सार चलान गरिएको छ ।

३ महिनाको अवधिमा यसरी जफत गरीएका सवारी साधनहरुमा सबैभन्दा बढी ७६ वटा मोटरसाइकल छन । यस्तै, टेम्पो अटो ३, पिकअप भ्यान र सिटी रिक्सा २/२ र १/१ वटा कार तथा ट्रकसमेत नियन्त्रणमा लिइ भन्सारमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# उपसभापतिसहित १ सय भन्दा बढी जसपामा प्रवेश

**टुडे समाचारदाता**

राजविराज । प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन नजिकिदै गर्दा जिल्लामा पार्टी परिवर्तन गर्नेको होडबाजी नै चलेको छ। दुईसाता यता विभिन्न दलका क्रियाशील सदस्य एवं पदाधिकारीसहित ५ सय भन्दा बढीले दल परिवर्तन गरेका छन् ।



यसैक्रममा बिहीबार सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. १ मा अवस्थित डिमन गाउँमा जसपाद्वारा आयोजित घरदैलो कार्यक्रममा नेपाली कांग्रेस र जनमत पार्टीका एकसय भन्दा बढी स्थानीय नेता तथा कार्यकर्ता जसपामा प्रवेश गरेका छन् ।

प्रवेश गर्नेहरुमा नेपाली कांग्रेस सप्तरी १ को प्रदेश समिति 'ख' का उपसभापति भगवतीप्रसाद यादवदेखि निवर्तमान वडाअध्यक्ष एवं जनमत पार्टीकातर्फबाट हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा वडा अध्यक्ष पदका उम्मेदवार बनेका मनोज कुमार यादव रहेका छन्। नवप्रवेशीहरुलाई जसपा-एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले फूलमाला र अबिर लगाइ स्वागत गरेका थिए । कांग्रेस र जनमत पार्टीका स्थानीय नेता तथा कार्यकर्ताको प्रवेशलाई जसपाले ठूलै उपलब्धि मानेका छन्।

जनाधार भएका नेता कार्यकर्ताको प्रवेशले निकै उत्साहित देखिएका मन्त्री साहले भने, 'जसपाप्रति अहिले जनताको आकर्षण निकै बढेको छ, नवप्रवेशीलाई पार्टीले उचित सम्मान र स्थान दिनेछ ।'

# घरआंगनकै फूल आयआर्जनको स्रोत

**टुडे समाचारदाता**

महोत्तरी । दीपावली पर्व सर्वसाधारण गृहिणीलाई आफैँलैनसोचेको आर्जनको अवसर बन्दैछ । घरआँगनमा शोभाका लागि लगाइएका फूलका बोटबाटै महोत्तरीका सर्वसाधारण गृहिणीले धेरथोर नगद थैलीमा भर्न पाएका छन् । दीपावली (तिहार) पर्व नजिकिएसँगै फूल खोज्ने व्यापारी घरघरै पुग्न थालेपछि महोत्तरी जिल्लाका गाउँ-नगर बस्तीका सर्वसाधारण गृहिणीका लागि आफ्नै घरआँगन र करेसामा शोभाका लागि लगाइएको फूल अतिरिक्त आम्दानीको स्रोत बनेको छ।



घरको सौन्दर्य र दैनिक पूजाअर्चनाको उद्देश्यले लगाइएको फूलबाट घरमै आएका व्यापारीले राम्रो रकम दिन थालेपछि यहाँका सर्वसाधारण गृहिणीका थैली अहिले पैसाले खँदिला बनेका छन् ।

"हेर्नोस न, त्यही मठवरिपरि लगाइएको फूल न हो", भंगाहा नगरपालिका-४ की गृहिणी गोमादेवी फुँयालले भने, "हिजो घरमै फूल खोज्न आएका व्यापारीले रु दुई हजारमा दिनोस् भन्दै बैनास्वरुप रु एक हजार दिएर गए ।" तुलसीको मठवरिपरि एकाध जग्गाकै सयपत्री फूलले आफ्नो घरको आवश्यकता टारेर दुई हजार दिने भएपछि फुँयाल अब भने तिहारलक्षित सयपत्री फूलखेती नै गर्ने टुङ्गोमा पुगेकी छन् ।

आफ्नै घरआँगनको फूलले अतिरिक्त आम्दानी दिने भएपछि फुँयालका अन्य छिमेकी गृहिणी महिला पनि अब व्यावसायिकरूपमै फूलखेती गर्ने टुंगोमा पुगेकी छन् । "मखमली र सयपत्री फूल खोज्न आउने व्यापारीले मैले भनेकै मूल्यमा फूल लाने टुंगो गरेका छन्", आफ्नो आँगन छेउका ५० बोटजति सयपत्री फूलका बोट देखाउँदै सो बस्तीकै अर्की गृहिणी समिता महतोले भनिन्, "अबचाहिँ बिक्री नै गर्ने गरी फूलखेती गरिन्छ ।" यसपालि तिहार सुरु हुनपूर्व नै आफ्नो घरआँगनमा फुलेको फूलले नसोचेको आम्दानी दिएपछि जिल्लाको उत्तरवर्ती क्षेत्रका गृहिणी महिलाको अब व्यावसायिकरूपमै फूलखेती गर्ने सोच बनेको छ।

कुनै व्यावसायिक प्रयोजनबिना नै शोभा र चाडपर्वमा आफ्नै आवश्यकताका लागि लगाइएको घरआँगनको मखमली, सयपत्री र गोदावरीसहितका फूलले घरै बसीबसी दुई-चार हजार आम्दानी बनाइदिएको घरायसी काममै ब्यस्त रहने गृहिणी महिलाले बताइन । यसपालि तिहारकै लागि फूल खोज्दै आएका व्यापारी र अरु ग्राहकले आफ्ना ५० वटा जति बोटका सयपत्री फूल लाँदा तीन हजारभन्दा बढी आम्दानी हुने भएको बर्दिवास-२ बारनचौडीकी गायत्री आचार्य बताउछन् । अहिले तिहार नजिकिएसँगै फूल खोज्ने ग्राहक र व्यापारीको जिल्लाका गाउँ, नगर बस्तीमा लर्को नै देखिने गरेको छ । पर्वविशेषले गर्दा फूल खोज्नेहरूले मोलमोलाइ नगरीकनै राम्रो मूल्य दिएपछि हरेक वर्ष तिहारमा उत्पादन लिने गरी फूल खेती गर्न आफ्नो वरपरका सबैजसो गृहिणी महिला अग्रसर देखिएका बर्दिवास-६ कृष्णपुरकी दीपा राजभण्डारीले बताए।

जिल्लामा फूलको व्यावसायिक खेती गरिएको खासै नदेखिए पनि अब यसको सम्भावना बढेको कृषि विज्ञ बताउँछन् । तिहार र छठजस्ता पर्व र सालैभरि आयोजना हुने धार्मिक अनुष्ठान एवं पूजाअर्चनालाई लक्षित गरी यसको व्यावसायिक खेती सुरु गरिए थप एउटा आर्जनको बाटो खुल्ने कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वरका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत डा रामचन्द्र यादव बताउछन् ।

जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तह रहेका छन् । पछिल्ला पाँच-छ वर्षदेखि बलवा नगरपालिकाको बनौटा, धमौरा र पडौल बस्तीमा भने किसानले व्यावसायिकरूपमै फूलखेती सुरु गरेका छन् । यी बस्तीका फूलखेती गर्ने किसानले पनि जग्गाको अभाव नभए पनि दुई-तीन कठ्ठाभन्दा फूल खेतीको क्षेत्रफल बढाउन नसकेका बलवा नगरका प्रमुख रामविजय महतोले बताए ।

"फूलखेतीबाट आम्दानी राम्रो भएको किसान बताउँछन्", नगरप्रमुख महतोले भने, "तर खेती गर्ने किसान र खेतीको क्षेत्रफल भने जहाँको त्यहीँ नै छ ।" नगरपालिका कार्यालय फूलखेती गर्ने किसानलाई बीउ र अन्य प्राविधिक सहयोग गर्न तयार रहेको प्रतिवद्धता जनाउँदै प्रमुख महतोले आउने वर्ष गरिने फूलखेतीबारे समय (सिजनअघि नै)कार्यालयमा सम्पर्क गर्न अपिलसमेत गरे ।

बलवा नगरपालिकाका यी बस्तीमा व्यावसायिक फूलखेती गर्ने किसानका घरमै टाढा-टाढाबाट व्यापारी पुग्ने गरेका छन् । "हामीले फूल बेच्न अहिलेसम्म भौंतारिनुपरेको छैन", पडौल बस्तीका किसान शुभनारायण यादव भन्छन, "हाम्रो बारीको फूल व्यापारी यहीँ आएर लाने गरेका छन् ।" यी बस्तीमा उत्पादित फूलको गुणस्तर राम्रो भएकाले यहाँको उत्पादन रोजाइमा पर्ने गरेको व्यापारी बताउँछन्। यी बस्तीमा उत्पादित फूल राजधानी काठमाण्डुसहित विभिन्न सहरमा पुऱ्याइने गरिएको वर्षौंदेखि फूल व्यापार गर्दै आएका जनकपुरधामका व्यापारी सकलदेव मण्डलले बताए ।

बलवाका यी बस्तीको देखासिकीबाट छिमेकको पिपरा, भङ्गाहा, लोहारपट्टी र महोत्तरीसहितका स्थानीय तहका बस्तीमा केही किसानले व्यावसायिक फूलखेती थालेका छन् ।

पछिल्लोपटक फूलको खेती गर्नेलाई प्राविधिक सहयोग र बीउ संकलनमा सहयोग गर्न जिल्लाका सबै स्थानीय तहलाई अनुरोध गरिने जिल्ला समन्वय समितिको कार्यालय महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णको भनाइ छ।

अहिले फूलखेतीबारे रुचि देखाउनेमा महिलाको संख्या अधिक छ । फूलखेती गर्न चाहनेलाई प्राविधिक परामर्श र उन्नत बीउ छनोटमा सहयोग गरिने कृषि ज्ञान केन्द्र कार्यालय महोत्तरी जलेश्वरले जनाएको छ । जिल्लामा अहिले करिब १०-१५ बिघा क्षेत्रफलमा मात्र व्यावसायिक फूलखेती हुँदै आएकोण छ ।

# एम्बुलेन्समा तस्करीको सामान बरामद, चालक फरार

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा तस्करीको सरसामान ओसार पसार गर्न तस्करहरुले बिरामी बोक्ने एम्बुलेन्सको प्रयोग गरेको पाइएको छ । बिहीबार बिहान जनकपुरधामबाट एम्बुलेन्समा लोड गरिएको अवस्थामा तस्करीको सरसामानहरु प्रहरीले नियन्त्रणमा लिएपछि रहस्य बाहिरिएको छ ।



प्रहरीले जनकपुरधाम [illegible] एम्बुलेन्स नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए ।

बिहान ४ बजेको समयमा सो ठाउँमा केही स्थानीय र सो एम्बुलेन्स चालकबीच बादविवाद भइरहेको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको टोलीले श्री माई भ्याली बचत तथा ऋण सहकारी संस्थाद्वारा सञ्चालित मे.१ च. ३५० नम्बरको एम्बुलेन्समा भारतको जयनगरबाट जनकपुरधामतर्फ अवैध रुपमा भन्सार छली गरी चोरी पैठारी जस्ता किरानाजन्य सामान तथा विभिन्न किसिमका पटाकाहरु लोड रहेको अवस्थामा नियन्त्रणमा लिएको उनले बताए।

पक्राउ परेका सरसामानहरु अहिले जिल्ला प्रहरी कार्यालयमा राखिएको र उक्त एम्बुलेन्स तथा सरसामान बिहीबार नै पठाइएको छ। यता, उक्त एम्बुलेन्स धनुषाको क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरका वीरेन्द्र सिंह दनुवारको नाममा दर्ता रहेको नेपाल रेडक्रस सोसाइटी धनुषाका सभापति नरेश प्रसाद सिंहले जानकारी दिए ।

## मोटरसाईकल हरायो

जि. धनुषा जनकपुरधाम उपमहानगरपालिका-८, रामानन्द चौक, आँखा अस्पताल नजिक रहेको घर अगाडि पाकिङ्ग गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो/रातो रंगको पल्सर २२० सी.सी. मोटरसाईकल २०७९/०६/३१ गते बेलुकी करिब ६:०० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ।

सवारी धनीको नाम: हुलास फिन सर्भ लिमिटेड काठमाण्डु
प्रयोगकर्ता :- अनिल कुमार महासेठ
सवारी नं.: प्र.१-०२-०४९प ६४६३
इन्जिन नं. : DKXCMJ34166
चेसिस नं. : MD2A13EX4MCJ80235
सम्पर्क नं. : ९८०४७०२००५

## तपाईंको आज
पण्डित : बम जी

- मेष : शिक्षामा उन्नति ।
- बृष : पुरस्कार प्राप्त लाभ ।
- मिथून : प्रतिभा सम्पन्नता ।
- कर्कट : बौद्धिक क्षमता ।
- सिंह : धन बृद्धि सञ्चय ।
- कन्या : भ्रमण अवसर हुने ।
- तुला : नयाँ कार्य हुने ।
- बृश्चिक : अवसर प्राप्त ।
- धनु : वाद विवादबाट बच्नु ।
- मकर : प्रेम प्रसंग, मित्र सुख ।
- कुम्भ : पारिवाहिक सुख ।
- मीन : सुख समृद्धि हुने ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने सयम | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाहलगायत अन्य भोजभेतरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २५ •अंक १४९ • २०७९ साल कार्तिक ४ गते शुक्रबार (21 October, Friday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सरकारी योजनामा आयोगले लगायो रोक

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले सरकार र मातहतका निकायले विभिन्न कामको अनुमतिका लागि दिएको तीन सयभन्दा बढी निवेदन रोकिदिएको छ । निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सरकारले निर्वाचन आचारसंहिताविपरीत हुने खालका काममा अनुमति पाउँ भनी दिएको निवेदनहरू रोकिदिएको प्रष्ट पारे ।

**निर्वाचन आयुक्त भण्डारीले देशको प्रतिनिधित्व गरेर बाहिर मुलुकमा जानुपर्ने विषय, अत्यावश्यक स्वास्थ्य, सरसफाइलगायतका कार्यक्रम अघि बढाउन दिइएको निवेदन भने स्वीकृति गर्दै अघि बढाउन अनुमति दिइएको बताए ।**

उनले कर्मचारी सरुवा, बढुवा, नयाँ नियुक्ति, नयाँ भवन शिलान्यास, उद्घाटन, अनावरणलगायतका विषयमा सरकार र मातहतका निकायले दिएको निवेदन निर्वाचन आचारसंहिताविपरीत भएकाले त्यस्ता खालको काममा अनुमति नदिइएको बताए । तर, आयोगले अत्यावश्यक सेवाका लागि परेको करिब १५३ वटा निवेदनमाथि अध्ययन गरी सो कार्य अघि बढाउन अनुमति दिइएको जनाएको छ । निर्वाचन आयुक्त भण्डारीले देशको प्रतिनिधित्व गरेर बाहिर मुलुकमा जानुपर्ने विषय, अत्यावश्यक स्वास्थ्य, सरसफाइलगायतका कार्यक्रम अघि बढाउन दिइएको निवेदन भने स्वीकृति गर्दै अघि बढाउन अनुमति दिइएको बताए ।

'आचारसंहिताले कर्मचारी सरुवा, बढुवा, नयाँ कार्यक्रम छन भने उद्धाटन, शिलान्यास, अनावरणलगायतका विषयवस्तुहरु जुन कार्य गर्दाखेरी निर्वाचनलाई प्रतिकूल असर पर्छ । अर्थात निर्वाचन प्रभावित हुन्छ भने ती काम गर्न पाइँदैन भनेर हामीले रोक्यौँ । आचारसंहिताले रोक्यो । रोकिसकेपछि लगभग ५०० संख्यामा यो आचारसंहिता उलंघन गर्नु हुँदैन यो काम गर्नेलाई अनुमति पाउँ, सहमति पाउँ भनेर आयोगमा निवेदन परेको छ। नेपाल सरकारको विभिन्न मन्त्रालय, संस्थान, विश्वविद्यालयलगायतका विभिन्न ठाउँबाट ।

त्यसकारण नगरी नहुने र दैनिक कार्यमै बाधा अडचन खडा हुने र स्वास्थ्यसम्बन्धी, सरसफाई सम्बन्धी, अत्यावश्यक विषयवस्तुभित्र पर्छन्', आयुक्त भण्डारीले भने, 'ती विषयवस्तुहरुलाई समेत समेट्नुपर्ने विषय छ भने त्यसलाई अध्ययन गरेर हामीले १५३ वटालाई सहमति दिएका छौँ । कतिपय कर्मचारीहरूको महिना दिन अगाडि विदेश जाने भनेर स्वीकृति भइसकेको छ । जुन मुलुकको तर्फबाट प्रतिनिधित्व गरेर जानुपर्नेछ। त्यसलाई तत्काल स्वीकृति गरेर अनुमति दिएका छौँ। सो भन्दा बाहेक जुन गर्न नहुने तर सरकारले गर्न खोज्ने कर्मचारी नियुक्ति, भर्ना, बढुवा, भनेको ठाउँमा सरुवाजस्ता विषयहरु भने हामीले रोकेका छौँ। आचारसंहिताले निषेध गरेको छ। रोकिएको करिव-करिव ३०० हाराहारीमा होला । निर्वाचन प्रक्रियामा असर पर्ने कुनै पनि अनुमति सरकारलाई दिन सकिदैन, हामी रोक्छौँ ।'

निर्वाचन आयोगले निर्वाचन आचारसंहितामा असर पर्ने कुनै पनि कामलाई अघि बढाउन अनुमति दिन नसकिनेतर्फ सरकारलाई सचेत गराउँदै आएको छ।

# महासेठ दोहोरिने दाउमा यादव हराउने कसरतमा

**कमलेश ठाकुर**

जनकपुरधाम । आसन्न निर्वाचनको उम्मेदवारहरुलाई अहिले मतदाता भेट्न भ्याइ नभ्याइ छ । चुनावी एजेण्डासहित उनीहरु अबेर रातिसम्म घर दैलोमा पुगिरहेका छन् । मतदाताहरु भने दीपावली र छठ पर्वको चाँजोपाँजो मिलाइरहेका छन् । ठाउँ-ठाउँमा चुनावी आकलन पनि भइरहेको छ । जोड-घटाउ र जित/हार बारे बहस पनि जनताले गरिरहेका छन् । किनभने यहाँ प्रमुख दुई पार्टीका पदाधिकारीहरु उम्मेदवार छन् ।

यहाँ तीन केन्द्रीय नेतासहित २९ जना उम्मेदवार प्रतिस्पर्धामा छ । पाँच दलीय गठबन्धनबाट नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादव, नेकपा एमालेका सचिव रघुविर महासेठ र जनता समाजवादी पार्टी (जसपा)का केन्द्रीय सदस्य महाजन यादव प्रमुख दलका उम्मेदवार छन् । यी तीनै नेता ०७४ कै प्रतिस्पर्धी छन् । यसपालि अन्य क्षेत्रमा एमाले-जसपा तालमेल भए पनि यो क्षेत्रमा हुन सकेको छैन् ।

एमालेका उम्मेदवार महासेठ फेरि जितेर दोहोरिने दाउमा छन् भने कांग्रेसका सह-महामन्त्री यादव उनलाई हराउने कसरतमा छन् । जसपाका महाजन पनि दुबैलाई हराएर इतिहास बनाउन चाहन्छन् । यादव महासेठसँग ०७४ को बदला लिन एमालेका नेताहरु कांग्रेसमा भित्र्याइरहेका छन् । उनले एमालेबाट समानुपातिकको लागि सिफारिस भएकी फुलकुमारी महतो र डा. सञ्जिव यादवलाई कांग्रेसमा ल्याए । त्यसअघि जसपा मधेश प्रदेश समितिको वरिष्ठ उपाध्यक्ष शेषनारायण यादवलाई पार्टीमा भित्र्याएर प्रदेशसभातर्फ उम्मेदवार बनाएको छ ।

महासेठ पनि आफ्नो जित कायम राख्न रणनीतिहरु तयार गरेका छन् । महासेठले सोही क्षेत्रमा गृह घर भएका कांग्रेस नेता संतोष यादवलाई एमालेमा प्रवेश गराएर प्रदेशसभामा उम्मेदवार बनाएका छन् । यी दुबै नेतालाई पराजित गर्न जसपाका महाजन यादव पनि कसरत गरिरहेका छन् । ०७४ मा थोरै मतले तेस्रो स्थानको मत ल्याएका महाजन विगतभन्दा बलियो भएको सावित गर्न चाहन्छन् । मधेश प्रदेश सरकारको नेतृत्व गरी जसपाले यो क्षेत्रमा काम गरेका कारण उनी बलियो भएको जिकिर गर्छन् ।

**०७४ को निर्वाचनमा महासेठ २२ हजार पाँच सय ३२ मत ल्याएर विजयी भएका थिए । उनलाई कांग्रेसका यादवले १९ हजार ९ सय ८८ मत ल्याएर निकटतम प्रतिद्वन्दी बने । उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी पार्टी फोरमबाट महाजनले पनि १९ हजार ६ सय ६२ मत ल्याएका थिए । सो निर्वाचनमा एमाले र माओवादीबीच चुनावी तालमेल भएको थियो ।**

जसपाबाट प्रतिनिधिसभामा यादव, प्रदेशसभातर्फ 'क' मा ज्ञानेन्द्र यादव र 'ख' मा चन्देश्वर महतो उम्मेदवार छन् । एमालेबाट प्रतिनिधिसभामा महासेठ प्रदेशसभातर्फ 'क' मा संतोष यादव र 'ख'मा हरिनारायण महतो उम्मेदवार छन् । पाँच दलीय गठबन्धनबाट प्रतिनिधिसभामा कांग्रेसका यादव, प्रदेशसभातर्फ 'क' मा कांग्रेसकै शेष नारायण यादव र 'ख' नेकपा एकिकृत समाजवादीका शत्रुधन महतो उम्मेदवार छन् ।

### जोड-घटाउमा कांग्रेस बलियो

०७४ को निर्वाचनमा महासेठ २२ हजार पाँच सय ३२ मत ल्याएर विजयी भएका थिए । उनलाई कांग्रेसका यादवले १९ हजार ९ सय ८८ मत ल्याएर निकटतम प्रतिद्वन्दी बने । उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी पार्टी फोरमबाट महाजनले पनि १९ हजार ६ सय ६२ मत ल्याएका थिए । सो निर्वाचनमा एमाले र माओवादीबीच चुनावी तालमेल भएको थियो ।

माओवादीको मतसहित एमालेका महासेठ विजयी भएका थिए भने मधेश आन्दोलनको रापतापमै भएको निर्वाचनमा महाजनले पनि सम्मानजनक मत प्राप्त गरे । तर यस पटकको परिस्थिति फरक छ । न आन्दोलनको महोल छ, न त एमाले माओवादीबीच चुनावी तालमेल । एमालेबाट वरिष्ठ नेता माधव कुमार नेपाल समूह पनि अल्गिएका छन् । यस्तो अवस्थामा महासेठ कमजोर देखिएको नेताहरुको विश्लेषण छ ।

स्थानीय निर्वाचनको मत परिणाम अनुसार पनि कांग्रेस अगाडि देखिन्छ । ४२ वटा वडा रहेको यस क्षेत्रको १९ वटा वडामा कांग्रेस विजयी भएका छन् भने १२ वटा वडामा मात्रै एमाले विजयी भएका छन् । पाँच पालिका रहेको यहाँ तीन पालिमा कांग्रेस, एकमा एमाले र एक पालिकामा कांग्रेसकै वागी उम्मेदवार विजयी भएका छन् ।

यो क्षेत्रमा कांग्रेसले तीन उपप्रमुख पनि जितेका छन् । त्यसमध्ये करिब २३ हजार चार सय कांग्रेस, १८ हजार दुई सय एमाले, आठ हजार जसपा, पाँच हजार नेकपा माओवादी केन्द्र र पाँच सात हजार नेकपा (एकीकृत समाजवादी)ले ल्याएका छन् । यहाँ अहिले एक लाख १७ हजार एक सय ९५ मतदात छन् ।








**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### घरदैलो पुग्नेलाई प्रश्न तेर्साउनै पर्छ

संघ र प्रदेशको निर्वाचन नजिकिरहेको छ । नेताहरू विभिन्न ठाउँमा गएर मतदाता फकाउने प्रयत्नमा छन् । २०४८ यता पटक-पटक यिनै दल र यिनै नेताहरूको हालीमुहाली छ । २०४८ देखि हालसम्म यिनले कति भाषण गरे, कति घोषणा गरे, कति वाचा गरे र कति किरिया खाए । तर मुलुकको अवस्था उस्तै छ । ऋणको भार थपिएको छ । तर देशको विकास भएन । दैनिक दुई हजार युवा कामका लागि विदेसिन्छन् । चाहिनेभन्दा नचाहिने आयोजनाका लागि ऋण लिइन्छ । ऋण लिन सबै कर्मचारी र मन्त्री अनि नेता लालायित हुनुका पछाडि यसबापत आउने कमिसन नै मुख्य कारण हो । ऋण लिइ राष्ट्रिय परिचयपत्र किन बनाउनु पऱ्यो ? इम्बोस्ड नम्बर प्लेट किन राख्नुपऱ्यो ? नेपाली नागरिकताको प्रमाणपत्र हुँदाहुँदै राष्ट्रिय परिचयपत्र भिडाउनुको कारण कमिसनबाहेक अरु केही होइन । नेपाली शैलीको नम्बर प्लेट भएका सवारी साधनले कुनै दुर्घटना गरेर भागे वा कुनै अपराध गरे भने सर्वसाधारणले पनि सम्झन सक्ने खालको नम्बर प्लेट थियो । विभिन्न वस्तु उत्पादन गर्ने अन्तर्राष्ट्रिय उत्पादक र व्यापारीहरूले पहिला नेपालमा एजेन्ट नियुक्त गर्छन् । त्यो एजेन्टले यिनै दलका नेताहरूसित 'लबिङ' गर्छ । कमिसनको लालच देखाउँछ । अनि नेताहरू मख्ख पर्दै 'ओके' गर्छन् । पूर्व-पश्चिम रेल मार्ग ऋण लिएर बनाउन खोजिनुको कारण पनि कमिसन नै हो । पोखरा एयरपोर्ट र भैरहवा एयरपोर्ट बन्यो । तर काम लागेन । उपयोगमा आएन । ऋण तिर्ने क्रम सुरु भइसकेको छ । संसारको सबैभन्दा महँगो लागतमा पोखरा एयरपोर्ट बन्यो । ऋण लिएर कुनै पनि परियोजना सुरु गरेपछि त्यसले प्रतिफल दिनैपर्छ । प्रतिफल नदिने हो भने त्यो परियोजनाको काम छैन । नेपालमा कमिसनका लागि काम नलाग्ने धेरै आयोजनाहरू बनिरहेका छन्, बनेका छन् र बन्नेवाला छन् । मुलुकलाई यो हबिगतमा पुऱ्याउने यिनै नेताहरू अहिले चुनावी मैदानमा छन् । अनि यिनले दिने आश्वासन पत्याएर जनताले यिनैलाई विजयी गराउँछन् । पाँच वर्ष देश लुट्ने लाइसेन्स दिन्छन् । अनि अर्को पाँच वर्षपछि पनि अवस्था यस्तै हुन्छ, जुन हिजो ३० वर्षभन्दा बढीदेखि भइरहेको छ । यसपालिको चुनावमा आम मतदाताले हिजो कुन नेताले के गरेको थियो भन्ने त्यसको हरहिसाव गर्नु जरुरी छ ।

# अंगीकृत नागरिकता पाउने प्रावधान प्रकृति विपरीत

**राम नारायण प्रसाद मण्डल**
**भू.पू अंचल जिल्ला शिक्षा अधिकारी**

नेपालको संविधान –२०७२ को धारा ३ मौलिक हक र कर्तव्य अन्तरगत दफा १८ समानताको हक भन्ने शीर्षक अन्तर्गत नागरिक , उत्पति, धर्म ,वर्ण जात जाति ,लिंग शारीरिक अवस्था, अपांगता ,स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वा यस्तै कुनै अन्य आधारमा भेदभाव गरिने छैन भन्ने उल्लेख गरिएको छ। साथै भाग–२, मा नागरिकता अन्तरगत ,दफा १० को उपदफा (६) मा नेपाली नागरिक संग वैवाहिक सम्बन्ध गरेको विदेशी महिलाले चाहेमा संधीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्ने छ।

माथि उल्लेख गरिएका कुराहरु नेपालको संविधान २०७२ सालमा घोषणा गरेको संविधानमा लेखिएका सत्य तथ्य आख्यान यहाँ प्रस्ट गरिको छ । नेपाल सरकारले त्यसै संविधानको मौलिक कानून अन्तरगत देशका शासन व्यवस्था संचालन गर्दै आएका छन । नेपाली नागरिक विदेशी महिला संग विवाह (धार्मिक कर्तवय अनुबन्ध) सम्बन्ध कायम गरेपछि अंगीकृत नागरिकता लिन सक्ने छ उल्लेख हुँदा हुदै पनि विवाहको ७ बर्षपछि अंगीकृत नागरिकता पाउने प्राबधान किन ? यो प्रावधान कुन संवैधानिक कानून अन्तरगतको सृजना हो ? यसलाई श्रृजित गर्ने अधिकार,आधार कुन श्रोतले प्रदान गर्यो ? आज वहसको विषय बनेको छ।

संविधानको मूल उद्देश्य र प्रावधान प्रतिकूल ,मौलिक विषय वस्तुमा असर पर्ने गरी कुनै दफा संशोधन गर्न पाईदैन भने संविधानमै लेखिएको छ। नागरिकताको स्वाधीनता, मौलिक हक, प्रतिकूल हुने गरी संविधान संशोधन गर्न पनि पाईदैन । नेपाली नागरिक विदेशी महिलासित विवाह गरेको कारण ७ बर्षपछि , विवाहित महिलाले अंगीकृत नागरिकता पाउने प्रावधानबाट नैर्सगिक मौलिम हक प्रतिकूल प्राकृतिक न्यायको पनि, हद नाधेको छ। संशोधन गर्न पाईदैन।

नेपालको संविधान –२०७२ कसैको हाथको कठपुतली, जागीर र विरासत होईन । संविधानको मौलिक विषय वस्तु संविधानको एस्प्रीट, विपरीत संशोधन गर्न कुनै पनि सरकार पाउदैन । संविधान संशोधन हुन दुई तिहाई प्रतिनिधि सभाको बहुमत चाहिन्छ। त्यसको ध्येय , मर्म, यो छ कि साधारण तथा गहन चिन्तन, विश्लेषणपछि संशोधन गर्नुपर्ने विषय रहेछ भने दुई तिहाईको सर्वसम्मत बहुमतमा संविधान संशोधन गरिन्छ। विदेशी महिलाले नेपाली नागरिकसित विवाह गरेमा ७ बर्ष पछि मात्र अंगीकृत नागरिकता प्राप्तिको विषय धोर अन्याय हो। प्रकृति विपरीत हो। यसले भयावह दुर्धटना निम्त्याउन सक्छ । यो विषय नारी शक्तिलाई शोषण, अवहेलना, अन्याय गर्नु सिवाय अरु केही छैन। नारीहरु हाम्रा शक्तिरुपा हुन ,जुन हाम्रा वेद पुराण र शास्त्रहरुले पनि वर्णन गरेका छ्न।

नारी पीडित , शोषित ,उपेक्षित, कष्ट,व्यथा, पतनमुखी हुँदा त्यसलाई मुक्ति दिनु पर्नेमा उल्टै ७ वर्षे प्रावधान असह्य वेदनायुक्त भएन र ? बर्षौदेखि नारी शोषणको शिकार हुदै आएकी छिन , इतिहास साक्षी छ। यो नारीको मार्मिक गाथा हो जो आज पत्र पत्रिकामा , मिडियामा कच्चा पदार्थको रुपमा जत्रतत्र भेटिन्छ। देशको आधि जनसंख्या नारी हुन। जसलाई पराया, कूडा कर्कट, पुरुषको तुलनामा तल्लो तहको, पतिको दृष्टिमा कामुक्ता , संतानको असह्यभार, वहन गर्नुपर्ने, ससुरालीमा दासीरुपी, माता,पत्नी, वहन नै हुन यिनी । परोपकारीरुपमा महा भारती ,द्रौपदी ,सीता, पार्वती, गायत्री, काली चण्डी, दुर्गा, आदि नारी शक्ति नै हुन।

इटलीमा फारचुनाको रुपमा, रोममा साइबेले, ग्रीकमा हेरा, अफ्रिका तिवायत, मैक्सिकोमा एसिसहो, यूनानमा अनोन्का, सिरीयामा अस्टीटे, मोआबमा आख्तर, अबिसिनियाँमा आसार, लाई , नारी शक्तिलाई ,परमेश्वर कोरुपमा पूजिन्छ। ७ बर्ष पछिको अंगीकृत नागरिकताको प्रावधानले एकल महिला ,उपेक्षित, परित्यक्ता, अवोध बाल बालिकामाथि के कस्ता अन्याय सहनुपर्ला,कल्पना गर्न सक्नु हुन्छ। देशभर,संग्राम,आज उत्तिकै आलो छ। काली , चण्डी, दुर्गाको अपमान गर्दा महिसासुर, कूम्भ, निसुम्भ मधुकरको अवसान भयो । पृथ्वीमाता सीताको अपमानले रावण जस्तो पराक्रमीको विनाश भयो । द्रौपदिको अपमानले त कौरवको वंश नै सखाप भयो।

अनुसुईया, मदालसा, कुन्ती, द्रौपदी , सुभद्रा, सत्यबती, मैत्रेयी, गार्गी ,भारती , दुर्गाबती, मीरा, लक्ष्मीबाई, अम्बपाली, शबरी , अहिल्याबाई, सारन्धा, जैवी शक्तिहरु असाधारण रुपमा हामी बीच पराशक्तिरुपमा विद्यमान हुनुहुन्छ।

हजरत मुहम्मद साहबेको कुरा गरौ "आमाको चरणमा जन्नत हुन्छ " उहाले भन्नुहुन्छ। अर्थात नारी चाहे जुनरुपमा हुनुहुन्छ सृष्टिको अद्धितीय सम्पदा, मूर्तिकार , चित्रकार, शिल्पकार, प्रतिमाकार आफ्नो गर्भभित्र प्राणवान प्रयोगशालामा सर्वोत्तम दृश्यमान चेतनात्मक सौन्दर्य उडेलदिएको हुन्छ । स्वर्गबाट अवतरित गंगा मैया नारी स्वरुप नै हुन जो संसारको सबै प्राणीको पाप मोचन गर्दछिन।

बडा दशैमा तिहार, बसन्त पंचमी, विवाह पंचमी पर्वहरुमा नारी शक्तिहरु कै उपासना , पूजा , आराधना, साधना गरिन्छ। यिनि पराशक्तिको कृपा बिना हाम्रा कुनै कामनामा सिद्धि प्राप्त हुने होईन । नारीशक्ति अराध्य देव हुन ,अपमान नगरौ ,अधिकारबाट वंचित न गरौ, हकबाट अलग नगरौ ।

मधेशी हो वा पहाडी, मुसलमान होस वा हिन्दू, ईसाई होस वा बौद्ध सबैमा हाम्रा नारीहरु पूजनीय हुन। बेद, पुराण, उपनिषद, दर्शन ,गीता, आरण्यक,ब्राह्मण, आदि ग्रन्थहरु र संस्कृतिले पनि पत्निलाई अर्धाङ्गनी भनेका छन। अर्धाङ्गनी भनेको अर्ध +आंङ्गनी अर्थात शरीरको आधा अंङ्ग । पित्रृसत्तात्मक समाजले आफनो शरीरको आधा अंग ( पत्नी ) दास , मौलिक अधिकारबाट बंचित राख्ने त ? । ७ बर्षको प्रतिवन्ध लगाउने सम्बन्धित समितिले पनि नागरिकता पाउने सिफारिस गरेको छ।

नेपालको संविधान– २०७२ लागु हुँदाको बेला बखत , तत्कालीन महामहिम डा. राम वरण यादव ज्यू संविधान प्रारम्भ हुँदा पनि विदेशी महिलाप्रति कुनै वाध्यात्मक प्रतिवन्ध लगायनु भएन आज किन ? । आज सौभाग्यले पित्रृसत्तात्मक समाज हुँदा पनि मात्रृसत्तात्मक मातारुपी नारी महामहिम राष्ट्रपति विद्यादेबी भण्डारी पांउदा पनि नारी वर्गमाथि प्रतिवन्ध लगाउन कस्तो अचम्भको कुरा हो। महिला वर्गको लाीग अति हर्ष र प्रेरणादायक समयमा विदेशी विवाहित महिलामाथि महिला महामहिम राष्ट्रपतिको समयमा नागरिकतामाथि प्रतिवन्ध लाग्नु उचित भएन । महामहिम राष्ट्रपति ज्यू नारी, पुरुष सबैका अभिभावकीय दायित्व लिइ बस्नु भएकोमा नारीप्रति कसरी अन्याय गर्न सक्नुहुन्छ। शक्तिस्वरुपा माताले नै बुहारीप्रति अन्याय कसरी गर्न सक्नुहुन्छ ? ।

संसदले दोश्रो पटक पारित गरेर पठाएको नागरिकता विधेयक पनि राष्ट्रपति विद्यादेबी भण्डारीले अस्विकार गरेको दिन १५ दिनको समयावधि असोज ४ गते मंगलवार मध्यराती सकिएको छ। सार्वभौम संसदले दुई तिहाई , दुई पटक पारित गरी पठाएको विधेयक , अस्विकार गरेर राष्ट्रपति विद्यादेबी भण्डारीले संबैधानिक सीमा नाधेको छ । राष्ट्रपति जस्तो सम्पूर्ण राष्ट्रकै अभिभावक संविधानको अवहेलना गर्नाले देश , संविधान , कानून ,को अवमूल्यन भएन त ? । संसदले २०७९ साल २० भदौमा विधेयक प्रमाणीकरणको लागि राष्ट्रपतिको कार्यालयमा पठाएको थियो । राष्ट्रपतिले विधेयक प्रमाणीकरण नगरेपछि विधेयकको अस्तित्वमाथि प्रश्न उठेको छ।

संविधानले धारा १० मा नागरिकतालाई प्रदेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरे पनि विधेयक , अनुकूल नरहेको र धारा १५को प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा अन्य व्यवस्था संघीय कानून बमोजिम नआएको भन्ने राष्ट्रपति कार्यालयको अभिव्यक्ति आएकोबाट के बुझिन्छ ? । हाम्रा सम्पूर्ण मुलुकको नागरिकबाट छानी बनेको सार्वभौम संसदलाई राष्ट्रपतिको कार्यालयले शून्य प्राथमिकतामा राखेको छ।

नागरिकता विहीन आठ लाख नेपाली नागरिकको समस्या हो यो । नागरिकताको अभावमा शिक्षा , स्वास्थ्य , रोजगारी, व्यवसाय, बैंकिंग कारोबार, घरजग्गा खरिद विक्री, राजनीति, कोभिड विरुद्धको खोप, विवाह दर्ता, जन्म दर्ता, बसाई सराई, मृत्यु दर्ता ,याबत कार्य रोकिएको छ । जन्म सिद्धका सन्तान नागरिकता पाउन वंचित छ। तीन पुस्तादेखि नेपालमै बसोबास गरिरहेको तर नागरिकता विहीन छ। महान चाड दशैको शुभ साईतमा पनि नागरिकता पाउन सकेन । कस्तो बिडम्बना ? । ईंगलैण्ड जस्तो अलंकारी राजा (राष्ट्रपति) व्यवस्थापिका , कार्यपालिका,संसदीय सर्वोच्चता, शक्ति संतलुनका आधारमा लोकतान्त्रिक स्थापित व्यवस्थामा नागरिकता प्रमाणपत्र विहीन नेपाली नागरिकको जन जीवन पूर्ण कष्टकर बनेको छ।

*नागरिकता विहीन आठ लाख नेपाली नागरिकको समस्या हो यो । नागरिकताको अभावमा शिक्षा , स्वास्थ्य , रोजगारी, व्यवसाय, बैंकिंग कारोबार, घरजग्गा खरिद विक्री, राजनीति, कोभिड विरुद्धको खोप, विवाह दर्ता, जन्म दर्ता, बसाई सराई, मृत्यु दर्ता ,याबत कार्य रोकिएको छ । जन्म सिद्धका सन्तान नागरिकता पाउन वंचित छ । तीन पुस्तादेखि नेपालमै बसोबास गरिरहेको तर नागरिकता विहीन छ । महान चाड दशैंको शुभ साईतमा पनि नागरिकता पाउन सकेन । कस्तो बिडम्बना ? । ईंगलैण्ड जस्तो अलंकारी राजा (राष्ट्रपति) व्यवस्थापिका , कार्यपालिका,संसदीय सर्वोच्चता, शक्ति संतलुनका आधारमा लोकतान्त्रिक स्थापित व्यवस्थामा नागरिकता प्रमाणपत्र विहीन नेपाली नागरिकको जन जीवन पूर्ण कष्टकर बनेको छ ।*

हिन्दू राष्ट्र चाहिन्छ भन्ने एक थरि हिन्दूवादीहरुले धर्म निरपेक्षता विपरीत ज्ञापन साथै आन्दोलनको धम्की तेर्साएको छ । हरेक धर्मको, आ-आफ्नो संस्कृति परंम्परा ,जीवन पद्धति हुन्छ । त्यस्तै हिन्दू , मुस्लिम ,बौद्ध , सिख , ईसाई , आदि आफैमा महिलालाई एउटा सम्मानजनक स्थानमा राखेका छन। हिन्दूहरु राम की सीता, कृष्ण की राधा, र शंकर की पार्वतीलाई शक्तिरुपमा स्थापित गरी महानता रुपमा ,पूजा , अनुष्ठान गर्ने गेरेका छन्। आज महिला माथि किन अन्याय ? । यिनीहरु सन्तानका पूज्यनीय आमा , बहिनी , छोरी,बुहारी, हुन।

इतिहास साक्षी छ । हर युगमा महिला पत्नीले पतिको दीर्धायु, पतिको प्राण रक्षाका लागि यमराज सित पनि लडेका बिराङ्गनाहरु देखेका छौ । मातृत्व सतात्मक प्रधान राष्ट्रमा अभिभावकको उपस्थितिमा यस्तो अन्याय कसरी हुन सक्ला ? । ममतामयी माता माथि कलंक लाग्ने काम नहोस यो सबैको चाहना हो । विश्वमा विभिन्न शासन पद्धतिहरु आए । न्याय, राजनीति, सामाजिक,आर्थिक सांस्कृतिक परम्पराहरु छन् । कतै नारीलाई शिक्षा , राजनीतिक, सांस्कृतिक पोशाकहरुमा प्रतिबन्ध छ भने हामी नेपालीले नारीलाई नै देशको सर्वोच्च अभिभावकमा नारी राष्ट्रपतिको रुपमा पाएका छौ ।

**अतः** विदेशी महिलासंग विहे गरेमा ७ बर्षपछि अंगीकृत नागरिकताको प्रावधानलाई खारेज गरी तत्कालै अंगीकृत नागरिकता प्रदान गर्नुपर्दछ।

# आगामी निर्वाचनपछि देश कुन मोडमा जार्ला

**रूषा थापा**
**भक्तपुर**

राजनितिक दलहरुले चुनाव लड्न भन्दै व्यापारी ,सरकारी कर्मचारी, वित्तिय संस्था तथा संघसंस्थाहरुसँग चन्दा उठाइरहेको भनेर अहिले बजारमा जताततै सुनिन्छ । यसरी व्यापारी वा संस्थासँग चुनावखर्च उठाइपछि यीनीहरुले जति जनता ठगे पनि राजनितिक दलहरुले यसको विरोध गर्दैनन् । राजनितिक दलहरुले चुनावका लागि सरकारी शिक्षकशिक्षिकादेखि ठुल्ठुला व्यापारीहरुसँग पैसा उठाइरहेका छन् । यसरी अरुसँग पैसा उठाएर आफु चुनाव जित्ने अनि महंगीको मारमा जहिलेपनि जनता फस्ने ।

नेताहरुले चुनाव जितेपछि जनता र राष्ट्रको हितमा भन्दा पनि हिजो चुनाव जित्न पैसा दिएका संघसंस्था, व्यापारी वा कर्मचारीहरुको हितमा काम गर्ने गर्छन् । साथै तिनीहरुकै पक्षमा ऐन, कानुन निर्माण गर्ने गर्छन् । अहिले सरकारी कर्मचारीहरुले पैसा उठाएर राजनितिक दलहरुलाई चुनाव खर्च दिइरहेका छन् । यता त एउटै सरकारी कर्मचारीले एक महिनाको तलबसमेत राजनितिक दललाई चुनावखर्च भन्दै दिइरहेको भनेर समेत सुनिन्छ ।

व्यापारीले राजनितिक दललाई चुनाव खर्च दिने , अनि त्यँही पैसा सामानमा जोडेर जनतालाई ठग्ने । यता सरकारी कर्मचारीहरुले पनि राजनितिक दललाई एक महिनाको तलब दिएपछि जनताको काम नगर्ने, कार्यालय नआउने, भ्रष्टाचार गर्ने र वर्षेपिछे तलबभत्ता बढाउन राजनितिक दललाई दबाब दिने ।

सरकारी कर्मचारीहरुले नै यस्तो काम गरेपछि कसरी देशमा विकास हुन्छ त । अहिले जनताहरु आफ्नो काम लिएर सरकारी कार्यालयमा जाँदा त्यँहा सरकारी कर्मचारीहरु मेरो पार्टी वा तेरो पार्टी भन्दै गफ गरिरहेका हुन्छन् र जनताको सानो काम भएपनि आफु व्यस्त रहेको बताउने गर्छन् । सिधासाधी जनताको हुने काम पनि नगर्ने तर राजनितिक दलको फोन आयो भने नहुने काम पनि तुरुन्तै गरिदिने ।

नेपालको कानुनमा सरकारी कर्मचारीले कुनै पनि राजनितिक दलको सदस्यता लिन पाउँदैन तर अहिले त सबै सरकारी कर्मचारीले राजनितिक पार्टीको सदस्यता लिएका छन् र पार्टीको झोला बोकेका छन् । यसरी पार्टीको झोला बोकेपछि जनताको काम छिटोछरितो नगर्ने तर जनताले नै तिरेको करबाट तलबभत्ता खाने र सरकारी गाडी चढ्ने । यिनीहरु जनता र राष्ट्रभन्दा आफ्नो पार्टीतिर नै बढी व्यस्त रहेका हुन्छन् । के सरकारी कर्मचारीले यसरी राजनितिक दलको सदस्यता लिन पाउँछन् ? नेपाल विदेशी ऋणमा डुबिसकेको भनेर अर्थविद् तथा विज्ञहरु बताउँछन् र सरकार पनि सरकारी कर्मचारीलाई तलब दिन समेत विदेशी ऋण लिनुपरिरहेको बताउँदछ ।

तर सरकारी कर्मचारीहरु भने जनताको काम पनि छिटोछरितो रुपमा नगर्ने र राज्यको ढुकुटीमा जानुपर्ने राजस्व पनि नउठाउने । अहिले सरकारी कर्मचारीहरु राजनितिक दलको झोला बोकेर दिन कटाउने र मानो चटाउने काम गरिरहेका छन् । व्यापारीहरुले पनि आफ्नो फाइदाका लागि राजनितिक दललाई चन्दा दिने र पछि सामानको मूल्य बढाएर जनता ठग्ने र राज्यलाई राजस्व छल्ने काम गरिरहेका छन् । यता सरकार भने विदेशी ऋण लिएको लिएकै छ , एक नेपालीको टाउकोमा ७९ हजारभन्दा बढी विदेशी ऋण पुगिसकेको छ र भोलि यसको साँवा र ब्याज कसरी तिर्ने भनेर थाहा छैन तरपनि व्यापारी र सरकारी कर्मचारीहरु जनता ठग्न नै व्यस्त छन् । पछिल्लो समय राजनिति सेवा नभई व्यापार बनिरहेको छ, जसले घृणा बन्न थालिसकेको छ। नेताहरुले पनि जनता र राष्ट्रको हितका बारेमा नसोच्दा आज यो भएको हो ।

व्यापारी, संघसंस्था वा व्यवसायीहरुले अहिले राजनितिक दललाई दिएको चुनावखर्च त पछि सामानको मूल्य बढाएर उठाइने हाल्छन् तर जनता मारमा पर्छन् । राजनितिक दलहरु अहिले व्यापारीहरुसँग पैसा लिएर चुनाव जित्छन् र पछि व्यापारीहरुकै काम गर्छन् । गत बैशाखमा भएको स्थानीय तहको निर्वाचनमा एउटा गाउँपालिकाको अध्यक्ष वा नगरपालिको मेयर वा वडाध्यक्ष जित्न मात्र १० करोड खर्च भएको भनेर सुनिन्छ ।

एउटा पद जित्न मात्र १० करोड खर्च भएपछि यिनीहरुले त यसको साँवा र ब्याज ५ वर्षको कार्यकालमा जसरी भएपनि वा भ्रष्टाचार गरेर भएपनि उठाउने गर्छन् नि त । साथै अहिले पार्टीबाट चुनाव लड्न वा टिकट पाउन पनि ३ करोडदेखि १० करोड सम्म खर्च गरिरहेको भनेर सुनिन्छ । यसले गर्दा पैसा नहुने मानिसहरु चुनाव लड्नबाटै वञ्चित भएका छन् । यत्रो पैसा पार्टीलाई दिएर टिकट लिनेहरुमा सबै दलाली , व्यापारी वा गुण्डाहरु रहेका छन् ।

*हामीले नै दिएको मतले जितेर नेताले कमाउने र व्यापारी र सरकारी कर्मचारीले फाइदा उठाउने । भोट भने हाम्रो लिने तर काम भने सरकारी कर्मचारी र व्यापारीको गर्ने । यस्ता नेता तथा राजनितिक दलहरुको विरोधमा अब जनताहरु पनि सडकमा उत्रिनुपर्छ । अबपनि नेता वा राजनितिक दलहरु सुध्रिएनन् भने अहिलेको व्यवस्था नै देशमा रहदैँनन् । देशमा महंगी प्रत्येक दिन बढिरहेको छ , व्यापारी घाटा बढिरहेको छ र विदेशी हस्तक्षप सुरु हुन थालिसकेको छ । चुनावपछि देशको अर्थतन्त्र के हुन्छ र देश कुन मोडमा जान्छ भनेर अहिले धेरै जनताहरुले अड्कलबाजी गर्न थालिसकेका छन् । चुनावमा नेता तथा राजनितिक दलहरुले चन्दा लिएको पैसा वा भ्रष्टाचार गरेको पैसा खर्च गर्छन् ।*

गर्दापनि पैसा नहुने सिधासाधी जनताहरु चुनाव लड्नबाट नै वञ्चित भएका छन् ।

राजनितिक दलकै कारण अहिले महंगी बढिरहेको छ भने राज्यको ढुकुटीमा राजस्व आइरहेको छैन । साथै यता सरकारी कर्मचारी , व्यापारी, वित्तिय संस्था, उघोग व्यवसाय, संघसंस्था , यातायात व्यवसाय आदि सबै राजनितिक पार्टीअन्तर्गत रहेर नै चलिरहेको पाइन्छ । तर देश र जनताको लागि यिनीहरुमध्ये कसैले पनि सोच्दैनन् । यिनीहरलाई जसरी भएपनि आफु कमाउनु छ वा माथि पुग्नु छ । यता पार्टीको सदस्यता लिने, व्यवसाय गर्ने र पार्टीकै आडमा जनता ठग्ने र राजस्व छल्ने । पछिल्लो समय राजनितिमा धेरै विकृति फैलिएका कारण राजनिति नै जनताको लागि

टिकट त यिनीहरुले पैसाकै आडमा लिए तर चुनाव पनि यिनीहरु पैसाकै आडमा जित्छन् । यसरी टिकट लिँदा र चुनाव जित्दा गरेको खर्च यिनीहरुले पछि सामानको मूल्य बढाएर जनतासँग नै उठाउँछन् । अबदेखि पैसा नहुने मानिसहरु राजनितिमा नलागेपनि हुन्छ र पैसा हुने मानिसले आज राजनितिक पार्टीको झोला बोकेर भोलि चुनाव लड्न टिकट समेत पाउने गर्छन् । राजनितिमा नै यस्तो व्यापार भइपछि अब के हुन्छ त । राजनितिक दलहरु जहिलेपनि आफन्त , गुण्डा र व्यापारीहरुलाई पैसाकै आडमा टिकट दिन्छन् । राजनितिक दलहरुले देश र जनताको हितमा काम गर्नुभन्दा पनि देश र जनतालाई नै खोत्रो बनाए । तर अझैपनि यी नेताहरु देश र जनताको हितमा काम गर्छुभन्दै जनताको घरघरमा भोट माग्न पुगिरहेका छन् ।

अहिले राजनितिक पार्टीमा टिकट पाउनेहरु कुनै गुण्डा छन्, कुनै कलाकार त कुनै व्यापारी । अब यिनीहरुले देश नै बेचेर खान्छन् । किनभन्दा यिनीहरुलाई न त देशको नै माया छ न जनताको । जनताहरुले पनि अब यस्ता व्यक्तिहरुलाई पैसा लिएर भोट दिनुभन्दा पनि यिनीहरुसँग पैसा लिने तर भोट नदिने गर्नुपर्छ । साथै अब जनताहरुमा पनि चेतना आउनुपर्छ र राजनितिक दलहरुले हामीलाई प्रयोग मात्र गरिरहेका छन् भनेर बुझ्नुपर्छ । जनताले पनि आफ्नो मत विचार गरेर मात्र दिनुपर्छ , किनभन्दा आफ्नो एक मतले नराम्रो मानिसपनि सत्तामा पुग्न सक्छ र राम्रो मानिसपनि गुम्न सक्छ । चुनाव आउँदा नेता पनि जनताको घरमा दौडधुप गर्ने गर्छ तर चुनाव सिधिँएपछि जनतालाई हेर्दा पनि नहेर्ने गर्छन् ।

यता चुनाव जितेका नेताहरु एनजीओहरुको झोला बोक्छन्, देश विदेश घुम्छन् र व्यापारीहरुसँग पैसा खान्छन् । व्यापारी र सरकारी कर्मचारीहरु आफ्नो फाइदाका लागि नेताहरुलाई चुनाव खर्च दिएर मैदानमा उतार्ने तर हामी जनताहरु तै तीन घण्टाको उकालोओरालो हिडेर घण्टौँ लाइनमा बसेर पानीपनि नखाएर भोकभोकै मतदान गर्नुपर्ने ।

साथै हामीले नै दिएको मतले जितेर नेताले कमाउने र व्यापारी र सरकारी कर्मचारीले फाइदा उठाउने । भोट भने हाम्रो लिने तर काम भने सरकारी कर्मचारी र व्यापारीको गर्ने । यस्ता नेता तथा राजनितिक दलहरुको विरोधमा अब जनताहरु पनि सडकमा उत्रिनुपर्छ । अबपनि नेता वा राजनितिक दलहरु सुध्रिएनन् भने अहिलेको व्यवस्था नै देशमा रहदैँनन् । देशमा महंगी प्रत्येक दिन बढिरहेको छ , व्यापारी घाटा बढिरहेको छ र विदेशी हस्तक्षप सुरु हुन थालिसकेको छ । चुनावपछि देशको अर्थतन्त्र के हुन्छ र देश कुन मोडमा जान्छ भनेर अहिले धेरै जनताहरुले अड्कलबाजी गर्न थालिसकेका छन् । चुनावमा नेता तथा राजनितिक दलहरुले चन्दा लिएको पैसा वा भ्रष्टाचार गरेको पैसा खर्च गर्छन् ।

अहिले नै कति अर्थविद् वा जनताहरु, नेपालको अर्थतन्त्र श्रींलका भइसकेको भनेर बताउँछन् । बैंकले डिपोजिटको २० प्रतिशत ब्याज भन्दा पनि जनता बैंकमा पैसा राख्दैनन् भने सहकारीले २२ देखि ३६ प्रशितसम्म ब्याज भन्दा पनि पैसा राख्ने कोही छैन । साथै अहिले बैंक, फाइन्स र सहकारीबाट कर्जा लिएर व्यवसाय गर्ने मानिसहरु पनि महंगो ब्याजका कारण आन्दोलन गरिरहेका छन् । यता डलरको मूल्य पनि प्रत्येक दिन बढिरहेको छ र नेपाली मुद्रा कमजोर भइरहेको छ भने उता घरजग्गा, गाडी र सेयरमा मन्दी आएको छ । यो क्षेत्रमा लगानी गर्ने मानिसहरुको भगाभाग भइरहेको छ भने वित्तिय संस्था डुबिसकेको छ । हिजो ४ हजारमा किनेको एक कित्ता सेयर आज सय रुपैंयामा आएको छ , ८० लाख आनामा किनेको जग्गा आज एक लाखमा आएको छ भने २० लाखमा किनेको गाडी आज दुई लाखमा आएको छ ।

बैंक, फाइन्स र सहकारीहरु चुलुम्मै डुबिसकेको छ , दिनहुँ १० ओटा सहकारीहरु भागिरहेका छन् भने बैंकमा पैसा निकाल्नेको लर्को छ । जनताले पनि सरकारलाई कर तिर्न छोडेसकेका छन् भने प्रधानमन्त्रीले पनि सरकारी कर्मचारीलाई तलब खुवाउन विदेशी ऋण लिनुपर्ने अवस्था आएको भनेर बताइसकेका छन् ।

अहिले त जनता नै कर तिर्न नसक्ने अवस्थामा पुगेका छन् । महंगी वा बरोजगरीका कारण जनता आफ्नो घरको चुलोमा आगो बल्न नसक्ने अवस्थामा पुगेका छन् । दिनमा बिसौं हजार नेपालीहरु श्रम स्विकृति लिएर नेपालमा रोजगारी नपाएर खाडी मुलुकमा काम गर्न गइरहेका छन् । नेपालको खेतीयोग्य जमिनहरु सबै बाटो र घरमै सिधिँयो । अहिले त खाद्यदेखि लगाउनेसम्म नै हाम्रो देश अरुमा निर्भर रहेको छ र जसले गर्दा अब पैसा हुनेले मात्र खान र लगाउन पाउने छन् । शिक्षा र स्वास्थ्य पनि निकै महंगो भइरहेको छ । महंगो शिक्षाका कारण आमाबुबाले बालबच्चालाई पढाउन छोडिसकेका छन् भने रोगीले उपचार गर्न छोडिसकेका छन् । धनी सयको सामान ५ पाँचमा बेचेर झन् धनी भए त गरिब त्यो सामान किन्दाकिन्दै झन् गरिब भए । एक जना धनी वा व्यापारीले सयौं मानिसलाई ठगीरहेको छ ।

अब जनताले पनि बिस्तारै आन्दोलन सुरु गर्ने छन् र अहिलेको यो व्यवस्था हटाएर नयाँ व्यवस्था ल्याउने छन् । १० वर्षअघि र १० वर्षपछिको महंगीमा आकाश र पताल जतिको नै भिन्नता रहेको पाइन्छ । अहिले महंगीका कारण जनता बाच्ँने नसक्ने अवस्थामा पुगेका छन् । १५ वर्षअघि एक जोर चप्पल लगाउन नसक्ने नेताले आज काठमाडौँमा ५ ओटा घर बनाए त ५ वर्षअघि मात्र जागिर खाएको सरकारी कर्मचारीले काठामाडौँमा घडेरी किने तर जनता र राष्ट्र भने कंगाल भए । अब देश कुनै अवस्थामा जान्छ भनेर जनता नै अन्योलमा परेका छन् । अब नेपालको अर्थतन्त्र श्रींलका हुन्छ वा बाहिरी देशले नेपालमा हस्तक्षेप गर्छ भनेर जनताहरुको बजारमा बहस चलिसकेको छ ।

# माटोका भाँडा किन्नेको भीड

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित हटियामा लक्ष्मीपूजा अर्थात् दीपावलीको अवसर पारेर बजारमा माटोका दीयासहितका भाँडा किन्नेको दैनिक भीड लाग्ने गर्दछ ।

लक्ष्मी पूजा नजिकिँएसँगै बजारमा माटोका भाँडादेखि विभिन्न पूजाका सामग्री किन्नेको चहलपहलसमेत बढेको देखिन्छ । कुमहार जातीले बनाउने माटोका मूर्ति, सरसामान अति नै शुद्ध हुने भएकाले यसको बिक्रिवितरणमा वृद्धि भएको जनाइएको छ । पूजापाठमा माटोद्वारा निर्मित सामान प्रयोग गरिँदै आइरहेका हुनाले माटोका भाँडा लक्ष्मीपूजामा प्रयोग गर्नेको संख्या यतिखेर बढेको कुमहार रामकुमार पण्डितले बताए ।

चार्डपर्व नजकिँदै गर्दा ठाउँ/ठाउँमा माटोको भाँडा, फलफूल, विभिन्न मूर्तिका सामान र माटोको भाँडामा ढकनी, दीप, धैँला लगायतका खरिदबिक्री भइरहेको व्यापारी बताउँछन् । साथै नयाँ भाँडा चोखो भएको हुनाले पनि त्यसको पनि बिक्री भइरहेको छ । जिल्लाको भारदह, कञ्चनपुर, हनुमाननगर, रुपनी, बोदेबरसाइन् लगायतका विभिन्न ग्रामीण भेगका बजारमा पनि सुनदेखि नूनसम्मको सामान मानिस किनमेल गरिरहेको छन् ।

कात्तिक ७ गते सोमबार हुने दीपावलीका लागि सजावटको सामानसहित दीप, मैनवती अगरबती, लड्डू र प्रसादका सामानसमेत खरिदबिक्री बढेको सप्तरीको हनुमानगर कंकालिनी नगरपालिका-१ भारदहका मिठाइ व्यवसायी जुगेश्वर साहले बताए ।

शनिबारदेखि सुरु हुने हिन्दूको चार्डपर्व तिहारको लक्ष्मीपूजा (दीपावली) गाईपूजा, भरदुतीया, सूर्य देवतालाई अर्घ दिएर पूजा गरी तराई-मधेशका जिल्लामा छठपर्व मनाइने गरिन्छ ।

# माओवादी ,जनमत र जसपाको कडा प्रतिस्पर्धा

मनोज माझी

राजविराज । सप्तरीको निर्वाचन क्षेत्र-२ को प्रदेशसभा 'ख' मा त्रिपक्षीय प्रतिस्पर्धा देखिएको छ । ४५ हजार ४ सय ७६ मतदाता रहेको यस क्षेत्रमा जनमत पार्टीबाट पूर्व माओवादी नेता महेश यादव, सत्तारुढ गठबन्धनबाट पूर्व मन्त्री एवं माओवादी नेता उमेश यादव, जसपाबाट लक्ष्मण यादव सहित १४ जना उम्मेदवार चुनावी मैदानमा उत्रेका छन् । तर मुख्य प्रतिस्पर्धा उमेश,महेश र लक्ष्मणबीच नै हुने मतदाताको आकलन छ ।

यहाँबाट नेमकिपाका महिदेव चौधरी, राप्रपा नेपालका फुदन लाल खंग, राप्रपाका फुलेन्द मण्डल, नेपाल संघीय समाजवादी पार्टीका मो.परमुद, हाम्रो नेपाली पार्टीका खेलानन्द कुमार दास र स्वतन्त्रतर्फ शकुन्तला देवी यादव, रिंकु देवी यादव, गंगा राम यादव, निरज कुमार शाही र दुर्गानन्द यादव पनि चुनावी मैदानमा उत्रेका छन् ।

सबै उम्मेदवारले विकास निर्माण, सडक संजालको विस्तार, स्वास्थ्य, शिक्षा, कृषिको विकास र रोजगारीको विषयलाई आफ्नो प्रमुख चुनावी एजेण्डा बनाइ मतदातालाई आ-आफ्नो पक्षमा ल्याउन घरदैलो तथा कोठे बैठकमार्फत कसरत गरिरहेका छन् ।



यस क्षेत्रमा राजविराज नगरपालिकाको १६ वटा वडा तथा महदेवा गाउँपालिकाको २ वटा वडा पर्दछ । स्थानीयतहको निर्वाचनमा यस क्षेत्रमा जसपाले प्रमुख पदमा १० हजार ३ सय ४५ र एमालेले १ हजार ३ सय ८७ मत प्राप्त गरेको थियो ।

यस्तै, माओवादीका प्रमुखका उम्मेदवारले ५ हजार ४ सय ४६, कांग्रेसका प्रमुखका उम्मेदवारले ४ हजार ७ सय ६७, लोसपाका प्रमुखका उम्मेदवारले ३ हजार ४ सय ८१, एकीकृत समाजवादीका प्रमुखका उम्मेदवारले २ हजार ८ सय ९० मत ल्याएका थिए ।

यस्तै, जनमत पार्टीका प्रमुख पदका उम्मेदवारले १ हजार १ सय ७ मत ल्याएको थिए । यस मतभारको आधारमा अहिले सत्ता गठबन्धनका उम्मेदवार बलियो देखिन्छ ।

अघिल्लो चुनावमा यस क्षेत्रबाट संघीय समाजवादी फोरम र राजपा गठबन्धनका साझा उम्मेदवार मनिष सुमन निर्वाचित भएका थिए । उनी यस पल्ट समानुपातिकतर्फका उम्मेदवार बनेका छन् ।

त्यतिबेला उनका निकटतम प्रतिद्वन्दी रहेका माओवादी केन्द्रका महेश यादव अहिले सो पार्टी त्यागेर जनमत पार्टीबाट उम्मेदवार बनी दोश्रो पल्ट चुनावी मैदानमा उत्रेका छन् ।

भारोत्तोलन संघ सप्तरीका अध्यक्षसमेत रहेका महेशको राजविराज नगरपालिका क्षेत्रमा राम्रै पकड भएको धेरैको आकलन छ। सत्तारुढ गठबन्धनका उम्मेदवार माओवादीका उमेश यादव र जसपाका लक्ष्मण यादव पनि नगर क्षेत्रमा पकड बलियो बनाउन भरमग्दुर प्रयास गरिरहेका छन् । ग्रामीण क्षेत्रमा भने ३ वटै उम्मेदवारको मतभार उस्तै उस्तै रहेको प्रदेशसभा निर्वाचनलाई नजिकबाट नियालि रहेका राजनीतिक विशलेषकहरु बताउँछन् ।

एउटै पार्टीमा रहेका महेश र उमेश पछिल्लो केही वर्ष यता फरक गुटमा रहे पनि निर्वाचनमा पार्टी नै परिर्वतन गरी महेश सहयात्री उमेशको प्रतिस्पर्धी नै बनेर चुनावी प्रतिस्पर्धामा छन् । यसले उमेशलाई चुनौती थपिएको अनुमान गरिदै छ । यद्यपि सत्तारुढ गठबन्धनको साझा उम्मेदवारको रुपमा चुनावी मैदानमा रहेका उमेश पनि उक्त चुनौतीको सामना गर्न आवश्यक रणनीतिका साथ घरदैलो र कोठे बैठकलाई घनीभूत बनाएका छन ।

यस क्षेत्रबाट जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार लक्ष्मण यादव पनि प्रतिस्पर्धामा छन् । पहिलो पल्ट प्रदेश सभाको निर्वाचनमा उम्मेदवार बनेका उनी मधेश आन्दोलनका क्रममा निकै चर्चामा रहे तर प्रमुख विपक्षी मानिएका एमालेसंग भएको गठबन्धन पार्टी भित्रकै केही नेता तथा तथा कार्यकर्तालाई मन परेको छैन । उनीहरुले एमालेसंग गरिएको गठबन्धनबाट पार्टीको सिद्धान्त, आदर्श, अठोट, संकल्प तथा मधेशी जनताको भावना विपरीत भएको भन्दै यसले पार्टीलाई क्षति पुग्ने बताइरहेका छन् ।

एमालेसंग गर्नु परेको गठबन्धनको कारणबारे कार्यकर्ता र मतदातालाई सम्झाउँदै लक्ष्मण पनि जित निकाल्ने दाउमा छन । उनको पनि मतभार राम्रै रहेकाले कमजोर मान्न नसकिने एकथरिको अनुमान छ । सबै उम्मेदवार र आवद्ध दलले वडा वडामा निर्वाचन परिचालन समितिको गठन र बैठक गरी देखिएको चुनौतीको सामना र मतदातालाई आ-आफनो पक्षमा कसरी तान्ने भन्ने विषयमा गम्भीर छलफल र निर्वाचन तयारीमा जुटेका छन् ।

# 'जसपाले मात्र मुक्ति दिलाउने छ'

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस लगायतका ठूला पार्टीहरुले मधेशी जनतालाई शोषण गर्दै आएकोले जसपाले मात्र मुक्ति दिलाउने बताएका छन् ।




सप्तरीको महदेबा गाउँपालिका स्थित बलिया मठमा विहीबार आयोजित अगुवा कार्यकर्ता भेलामा उनले शोषित उत्पीडित जनताको हक अधिकार स्थापित गराउन आफूहरु अझैं संघर्षरत रहेको बताए ।

अध्यक्ष यादवले भने ' कांग्रेस लगायतका ठूला भनाउँदा पार्टीहरुले मधेश र मधेशी जनतालाई शोषण मात्र गर्दै आएको छ, शोषण, दमन एवम् अत्याचारबाट मुक्ति दिलाउने जिम्मा जसपाको हो ।'

पहिचान, स्वाभिमान, समावेशिता र समानताका लागि आफूहरु पार्टीको स्थापनाकालदेखि नै संघर्ष गर्दै आएको चर्चा गर्दै अध्यक्ष यादवले शोषण, दमन एवम् विभेदमा पारिएको समुदायका लागि अझैं संघर्षरत रहेको चर्चा गरे ।

अबको वैकल्पिक शक्तिको रुपमा जसपा नेपाल मात्र रहेकोले आउने निर्वाचनमा जनताले मतदान गरेरै आफ्नो अभिमत जाहेर गर्ने उनले विश्वास व्यक्त गरे ।

विकास सम्बन्धी मानवीय सूचकांक अनुसार पछाडि परेको जिल्लाहरुमा सप्तरी देशमै तेस्रो तथा प्रदेशमा रौतहट पहिलो र सप्तरी दोस्रो रहेको चर्चा गर्दै अध्यक्ष यादवले भने 'सप्तरी मेरो जन्मभूमि हो, यहीँको माटोमा जन्मे, हुर्के र विद्यालय शिक्षा पनि यहीं प्राप्त गरे , त्यही भएर गत निर्वाचनमा उम्मेदवारी दिए र भारी मतले प्रतिनीधिसभा सदस्यमा निर्वाचित भए ।'

आफूले सप्तरीमा नर्सिंग कलेज, इन्जिनियरिङ्ग कलेज, रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, कृषि विश्वविद्यालय सय शैयूयाको अस्पताललाई ४ सय २० बेडको सुविधा सम्पन्न अस्पताल, सडक सञ्जाल विस्तार, विद्यालय भवन निर्माण लगायतका कामहरु गरेको जानकारी गराउँदै उनले भने 'मैले र मेरो पहलमा भएका कामहरु छर्लङ्ग छ, जनतालाई विकास गर्ने जनप्रतिनिधि चाहियो कि झुठा आश्वासन बाँड्ने नेता ? सचेत जनता भ्रमको खेती गर्नेहरुमाथि विश्वास गर्दैन ।'

कार्यक्रममा पार्टीका नेता समेत रहेका राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, पार्टीका केन्द्रीय प्रवक्ता मनिष सुमन, नेता विकास कुमार तिवारी, राजनीतिक समिति सदस्य एवम् मधेश प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पूर्व सांसद रञ्जु ठाकुर, नेता राजनारायण साह, महिला नेता सावित्री पण्डित, महदेवा गाउँपालिकाका पूर्व अध्यक्ष दीपक कुमार यादव लगायतले मन्तब्य व्यक्त गरेका थिए ।

# त्रिवेणी स्पेनिंग मिल्समा मजदुर र प्रहरीबीच भीडन्त

टुडे समाचारदाता

कलैया । बाराको जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.९ छाता पिपरा स्थित त्रिवेणी स्पेनिंग मिल्स प्रा.लि.का मजदुर र प्रहरीबीच भीडन्त भएको छ ।

भीडन्तमा परी १० जना प्रहरी र एक दर्जन भन्दा बढी मजदुर घाइते भएका छन् । घाइते दुईजना प्रहरीको सिमरा स्थित अल्पाइन अस्पतालमा उपचार हुन नसक्दा थप उपचारको लागि गण्डक अस्पताल रिफर गरिएको छ ।

प्रहरी हवल्दार श्रीराम पटेलको टाउँकोमा चोट लागेको छ भने प्रहरी जवान सुरेन्द्र महतोको ओठमा चोट लागेको छ । अरु बाँकी आँठ जना प्रहरीको टाउको ,छाती ,खुट्टा , नाक ,हात ,पाखुरा लगायतका भागमा चोट लागेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

उनीहरुको अवस्था सामान्य रहेको छ। भीडन्तमा प्रहरीले सात जना मजदुरहरुलाई नियन्त्रणमा लिएको छ । प्रहरीले नियन्त्रणमा लिएका मजदुरहरुमा वीरगञ्ज महानगरपालिका वडा नं.३२ का २५ बर्षीय संजय कुमार यादब ,२२ वर्षीय ओम प्रकाश मिश्र ,पर्सा गढी नगरपालिका वडा नं.५ का २५ वर्षीय मनोज यादब ,कलैया उपमहानगरपालिका वडा नं.१६ का २५ वर्षीय राजेश यादब ,वडा नं.१० का २५ वर्षीय अकलेस पाण्डे ,प्रसौनी गाउँपालिका वडा नं.५ बस्ने बर्ष ३० का बृजकिशोर साह र कलैया उपमहानगरपालिका वडा नं.१२ का २६ वर्षीया सोनालाल प्रसाद यादब रहेको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । बोनसको माग राखि उद्योगको प्रबन्ध निर्देशकको कार्य कक्षमा ताल्चा लगाई धर्नामा बसेका मजदुरलाई हटाउन प्रहरीले लाठी चार्ज गरेको थियो ।

भीडन्तमा प्रहरीतर्फबाट करिब ३४ राउण्ड अश्रु ग्यास सेल,सर्ट गन बाट १ राउण्ड फायर भएको,सिल ढाल १३ थान फुटेको,बेतको लाठी ९ थान भाचिएको बारा प्रहरी प्रबक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए ।

# कर्मचारीमाथि गोली हान्ने पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमती नगरपालिका १ मिलन चोकस्थित सगुन सहकारी संस्थाको सेवा केन्द्रका कर्मचारी साजन कार्कीमाथि गोली प्रहार गर्नेहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनामा संलग्न चार जनालाई सर्लाहीको सीमावर्ती क्षेत्रबाट प्रदेश प्रहरी कार्यालय जनकपुरधामका इन्सपेक्टर उमाशंकर साह नेतृत्वको टोलीले पक्राउ गरेको छ ।

सिसिटिभी फुटेज र स्थानीयले दिएको आधारमा २४ घण्टा नवित्दै अभियुक्तहरुलाई पक्राउ गर्न प्रहरी सफल भएको छ ।

पक्राउ पर्नेहरुमा भारत विहार राज्यको शिवहर जिल्लामा पर्ने छप्रा ग्राम पञ्चायतका १९ वर्षीय आलोक सिंह, विहार राज्यको बैशाली जिल्लामा पर्ने सुलतानपुर ग्राम पञ्चायतका १९ वर्षीय शौरभ कुमार यादव, बिहार राज्यकै मोतिहारी जिल्लामा पर्ने हराज ग्राम पञ्चायतका १९ वर्षीय गुलसन कुमार सिंह र सर्लाहीकै धनकौल गाउँपालिका १ का ३२ वर्षीय डिजे भन्ने धीरेन्द्र सहनी छन् ।

पक्राउ परेका सहनीको खुट्टामा गोली लागेको छ । पक्राउ गर्ने क्रममा भाग्न खोज्दा प्रहरीले चलाएको गोली सहनीको खुट्टामा लागेको थियो । उनीहरुमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बैंकले हामीलाई आर्थिक, सामाजिक तथा मानसिक तनाव दियो

**रञ्जन यादव**

कलैया । जीतपुर सिमराका व्यवसायीहरुले बैंकको गतिविधिका कारण आफूहरुले आर्थिक ,सामाजिक तथा मानसिक तनाव खेप्न बाध्य भएको बताएका छन् ।




जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको सभाहलमा जीतपुरमा आयोजना गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा व्यवसायीहरुले समान प्रकृतिको बैंकहरुले पनि फरक ,फरक ब्याजदर व्यवसायीमाथि चार्ज गर्नु , व्यवसायमा मन्दि छाएको अवस्थामा पनि व्यवसायीलाई गर्ने व्यवहार राम्रो नहुनु ,ऋण लिने प्रक्रिया पनि लामो हुनु लगायतको गुनासो गरेका थिए ।

नगर उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले जीतपुरसिमरा उपमहानगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन र खेलकुदको हबको रुपमा विकास गर्नमा बैंकहरु साथ र सहयोग महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

उद्योगी व्यवसायीहरु धरासायी भएको अवस्थामा बैंकले व्यवसायीमाथि दिएको दबाब र प्रेसर उचित नभएको भन्दै सरोकारवालाहरुको ध्यानाकर्षण गरेका थिए ।

नगर उद्योग बाणिज्य संघका महासचिव प्रकाश गिरीले उपमहानगरले फोहोरको उचित व्यवस्थापन र ६ लेनको सड्क निर्माण शीघ्र गर्नमा दबाब सिर्जना गर्नुपर्ने धारणा व्यक्त गरे ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथि जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेल रहेका थिए।

कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुबोध गुप्ता ,जीतपुरसिमरा उपमहानगरपालिकाका उप-प्रमुख भोला प्रसाद अधिकारी, इलाका प्रशासन कार्यालय सिमराका प्रमुख, गढीमाई साझेदारी वन पथलैयाका अध्यक्ष गणेशजी प्रसाद साह ,जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष सुनिलकुमार गुप्ता, अनुसन्धान विभाग सिमराका प्रमुख, राजश्व अनुसन्धान पथलैयाका प्रमुख, आन्तरिक राजश्व सिमराका प्रमुख, वीरगञ्ज उद्योग वाणिज्यका अध्यक्ष, उपाध्यक्ष, होटल तथा पर्यटन व्यवसायी संघ बाराका अध्यक्ष अर्जुन लम्साल, जीतपुर सिमरा बैंकर्स क्लबका अध्यक्ष कृष्णा गौतम, नगर उद्योग वाणिज्य संघका पूर्व महासचिव शिवजी साह सोनार लगायत विभिन्न संघ संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## नदिजन्य पद्धार्थ बिक्रीकालागी विद्युतिय बोलपत्र आहवानको सुचना

प्रथम पटक प्रकाशीत मिति २०७९/०७/०४

स्थानिय सरकार संचालन ऐन २०७४,को दफा ६२ क र धनुषाधाम नगरपालिकाको आर्थिक ऐन ,२०७७ को दफा १० को ब्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारीत मापदण्ड बमोजिम नदिजन्य पदार्थ संकलन गरी धनुषाधाम नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता भएको प्रमाणपत्र, आ.व.२०७७/७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

| सि.न. | ठेक्का नं. | विवरण | उल्लेखित परिमाण घन फिट | न्युनतम बोलपत्र रकम मु.अ.कर वाहेक | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | DM-NCB/G/03/2079-80 | मुर्गीया खोला, वालुवा खोला र मालटोल खोला बगर बाट नदिजन्य पद्धार्थको बिक्री | ८,२५,०००।०० | ३५,०६,२५०।०० (मु.अ.क समेत) | ३०००/- | आफुले कबोल गरेको रकमको ५ प्रतिशत | |

**शर्तहरू**


१. फर्महरुको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता भएको प्रमाणपत्र, आ.व.२०७७/७८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी बोलपत्र फारम दस्तुरवापत धनुषाधाम नगरपालिकाको एन.आई.सी.एशिया बैंकको खाता नं. आन्तरीक राजश्व खाता ग-१-१ ०३१२०५००२५३५८००४ मा नगद जम्मा गरेको नगद भौचर विद्युतिय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने ब्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुरको भौचर बोलपत्र सम्बन्धित कागजातमा संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन १६ औ दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. कबोल रकम अंक र अक्षरमा स्पस्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । लेखिएको अंक र अक्षरलाई काटनु परेमा पुनः लेखि सहि छाप गर्नुपर्नेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यलयको नाममा रहेको एन.आई.सी.एशिया बैंकको खाता नं. ग-३ ०३१२०५००२५३५८०१४ धरौटी खातामा जम्मा गरी उक्त सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड पेश गर्नुपर्नेछ ।

३. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

(**नोट**: विस्तृत जानकारीको लागी यस कार्यालयको वेभ साईट www.dhanushadhammunicipality.gov.np मा समेत हेर्न सकिनेछ ।)

# मंसिर ३ गते आम निर्वाचन हुँने



**सिन्ह्वा**

क्वालालम्पुर । मलेसियामा आगामी मंसिर ३ गते आम निर्वाचन हुने भएको छ । मलेसियाली निर्वाचन आयोगले बिहीबार उक्त जानकारी दिएको हो। उम्मेदवारको मनोनयन यही कात्तिक २० गते हुनेछ भने आधिकारिक चुनाव प्रचारका लागि दुई हप्ताको समय दिइएको निर्वाचन आयोगका अध्यक्ष अब्दुल घानी सल्लेहले पत्रकारलाई बताएका छन् ।

कुल दुई करोड ११ लाख ७३ हजार छ सय ३८ मतदातालाई सेवा दिन तीन लाख ६३ हजार पाँच सय १५ जना निर्वाचन अधिकृत खटाइने छ । देशभर आठ हजार नौ सय ५८ मतदान केन्द्र सञ्चालन गरिने छन् ।

सन् २०२० को फेब्रुवरीमा पूर्व प्रधानमन्त्री महाथिर मोहम्मदको राजीनामापछि दुई जना प्रधानमन्त्री नियुक्त भए पनि देशमा राजनीतिक अनिश्चितताको अन्त्य नभएकाले प्रधानमन्त्री इस्माइल साब्री याकोबले गत असोज २४ गते संसद् विघटन गरेर तत्काल निर्वाचनका निम्ति मार्ग प्रशस्त गर्नुभएको थियो ।

दुई वर्षअघि मुहिद्दिन यासिन प्रधानमन्त्रीमा नियुक्त भए पनि आफ्नै गठबन्धनबाट संसद्का सदस्यहरूले समर्थन फिर्ता लिएपछि राजीनामा दिएका थिए । त्यसपछि इस्माइल साबरीलाई प्रधानमन्त्री नियुक्त गरिएको थियो ।

# सुरक्षा परिषद्द्वारा इजरायल-लेबनान समुद्री सीमा सम्झौताको स्वागत

**सिन्ह्वा**

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले इजरायल र लेबनानले समुद्री सीमा विवाद समाधानका निम्ति गरेका सम्झौताको स्वागत गरेको छ। दुवै देशले समुद्री सीमा विवाद अन्त्य गर्ने सम्झौताको घोषणा गरेकामा सुरक्षा परिषद्ले बुधबार त्यसको स्वागत गरेको हो ।

सुरक्षा परिषद्का सदस्यले लेबनान र इजरायलले आफ्नो समुद्री सीमाको विवाद अन्त्य गर्न र यसलाई स्थायीरूपमा समाधान गर्न सहमत भएको घोषणाको प्रशंसा गरेका छन् । दुवै देशको उक्त निर्णयले मध्यपूर्वको स्थायित्व, सुरक्षा र समृद्धिमा योगदान पुग्ने परिषद्ले एक प्रेस विज्ञप्ति निकालेर जनाएको छ ।

इजरायल र लेबनानबीचको सहमतिले दुवै देश र त्यहाँका जनतालाई फाइदा पुग्ने तथा पूर्वीभूमध्यसागरमा रहेको ऊर्जा स्रोतबाट दुवै पक्षलाई समानरूपमा लाभान्वित तुल्याउन अवसर मिल्ने परिषद्ले विज्ञप्तिमा उल्लेख गरेको छ ।

लेबनान र इजरायलका नेताले गत असोज २५ गते पूर्वीभूमध्यसागरको सिमाना विवाद समाधान गर्न सहमत भएको घोषणा गरेका थिए ।

# महिला बास्केटबलमा गण्डकीलाई पहिलोपटक पदक



दमौली । गण्डकी प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिताको महिलाबास्केटबलमापहिलोपटक पदक जितेको छ । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत तनहुँको व्यास नगरपालिका-१ मा सम्पन्न महिला बास्केटबलमा फाइभ अन फाइभ र थ्री बाइ थ्रीतर्फ गण्डकी प्रदेशले कांस्य पदक जितेको हो ।

गण्डकी प्रदेशले महिला बास्केटबलमा हालसम्म पदक जित्न सकेको थिएन । गण्डकी प्रदेशले यसपटक ऐतिहासिक कीर्तिमान कायम गरी पदक जित्न सफल भएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो ।

फाइभ अन फाइभ र थ्री बाइ थ्रीतर्फ दुवै खेल जित्दै गण्डकीले दुई कांस्य पदक जितेको हो। तेस्रो स्थानका लागि गण्डकी प्रदेशले फाइभ अन फाइभमा सुदूरपश्चिम प्रदेश र थ्री बाइ थ्रीमा बागमती प्रदेशसँग प्रतिस्पर्धा गरेको थियो ।

फाइभ अन फाइभमा गण्डकी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई ४६-२४ अङ्कले पराजित गरेको थियो । गण्डकीले पहिलो क्वाटरमा १६-९, दोस्रो क्वाटरमा १०-४, तेस्रो क्वाटरमा १२-७ र चौथो क्वाटरमा ८-४ अङ्क जोडेको थियो ।

गण्डकीको जितमा सीमा गर्बुजाले व्यक्तिगत १९ अङ्क जोड्नुभएको थियो भने सुदूरपश्चिमका तर्फबाट सम्झना शाहीले सात अङ्क जोड्नुभएको थियो । थ्री बाइ थ्रीमा गण्डकी प्रदेशले बागमती प्रदेशलाई ९-७ ले पराजित गरेको छ । निकै प्रतिस्पर्धात्मकरूपमा भएको खेलमा गण्डकीले बागमतीलाई पराजित गऱ्यो ।

असोज २८ गतेदेखि सुरु महिला बास्केटबलको फाइभ अन फाइभमा त्रिभुवन आर्मी, सुदूरपश्चिम प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं १ सहभागी थिए । थ्री बाइ थ्रीतर्फ त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी, मधेस प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, प्रदेश नं १, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेश सहभागी थिए ।

**महिला बास्केटबलमा छ पदकको टुङ्गो**

नवौं राष्ट्रिय खेलकुदअन्तर्गत तनहुँमा सम्पन्न महिला बास्केटबलमा छ पदकको टुङ्गो लागेको छ । असोज २८ गतेदेखि कात्तिक २ गतेसम्म सम्पन्न बास्केटबलको फाइभ अन फाइभमा तीन र थ्री बाइ थ्रीमा तीन पदकको टुङ्गो लागेको हो ।

महिला बास्केटबलको फाइभ अन फाइभमा एक विभागीय र पाँच प्रदेश गरी छ टोलीको सहभागिता रहेको थियो । थ्री बाइ थ्रीमा दुई विभागीय र छ प्रदेशसहित आठ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगितामा दुवैतर्फ गरी त्रिभुवन आर्मी क्लबले एक स्वर्णसहित दुई, सशस्त्र प्रहरीले एक स्वर्ण, बागमती प्रदेशले एक रजत र गण्डकी प्रदेशले दुई कांस्य पदक जितेको नेपाल बास्केटबल सङ्घका केन्द्रीय सचिव फणिन्द्रमान श्रेष्ठले जानकारी दिनुभयो ।

प्रतियोगिताको फाइभ अन फाइभमा त्रिभुवन आर्मी क्लबले स्वर्ण पदक जितेको छ। बागमती प्रदेशले रजत पदक जित्दा गण्डकी प्रदेशले कांस्य पदक जितेको छ । थ्री बाइ थ्रीतर्फ सशस्त्र प्रहरीले स्वर्ण पदक जितेको छ । त्रिभुवन आर्मी क्लबले रजत जित्दा गण्डकी प्रदेशले कांस्य पदक जितेको छ ।रासस

# पश्चिमले इरानमाथि 'दबाब' दिएको मस्कोको आरोप

**एएफपी**

मस्का । रुसको विदेश मन्त्रालयले बिहीबार मस्कोले युक्रेनमा इरानमा निर्मित ड्रोनहरू प्रयोग गरिरहेको आरोप लगाएर पश्चिमले तेहरानलाई "दबाव" दिन खोजिरहेको छ बताएको छ । तर यस विषयलाई भने रुस र इरानले अस्वीकार गरेका छन्।

वाशिङ्गटनले आफ्नो अडानको समर्थनमा यसका लागि नेटो र ईयु देशहरूलाई परिचालन गरिरहेको मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले पत्रकार सम्मेलनमा बताएका छन् ।

# पटाका गोदाममा विष्फोट हुँदा तीन जनाको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । मध्य प्रदेश राज्यको एउटा पटाका गोदाममा आज भएको विस्फोटमा एक बालक, एक महिला र एक पुरुषसहित तीन जनाको मृत्यु हुनाका साथै अन्य धेरै घाइते भएका एक जना स्थानीय प्रहरीले सिन्ह्वालाई फोनमा बताएका छन् ।

राज्यको मोरेना जिल्लामा उक्त दुर्घटना भएको तथा सातजना घाइतेलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ । विष्फोटका कारण भवन भत्किँदा धेरैजना भग्नावशेषमा फसेका थिए । यही कात्तिक ७ गते भारतभर मनाइने दिवाली पर्वका लागि बनाइएका पटाका गोदाममा भारी मात्रामा भण्डार गरिएको थियो ।

प्रहरीका अनुसार तीन जनाको शव फेला परेको छ । यद्यपि उनीहरूको परिचय खुल्न बाँकी छ । भग्नावशेषमा अझै धेरै मानिस फसेका हुनसक्ने जनाउँदै प्रहरी खोज तथा उद्धार जारी रहेको बताएको छ ।

# डब्ल्युएचओ प्रमुखले लाखौं डलर दुरूपयोग गरेको आरोप



**एपी**

लन्डन । सिरियास्थित संयुक्त राष्ट्रसङ्घीय निकाय विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)को कार्यालयका प्रमुखलाई लाखौं डलर दुरुपयोग गरेको आरोप लागेको छ ।

उक्त कार्यालयका कर्मचारीले कोभिड-१९को महामारीबाट देश आक्रान्त भएका बेला कार्यालय प्रमुख डा अक्जेमल म्याग्टिमोवाले सरकारी अधिकारीलाई कम्प्युटर, सुनका सिक्का र कारसमेत उपहार दिएर डब्ल्युएचओ कोषको दुरूपयोग गरेको आरोप लगाएका हुन् ।

एसोसिएटेड प्रेस (एपी)ले प्राप्त गरेको १०० भन्दाबढी गोप्य कागजात, सन्देश र अन्य सामग्रीमा डब्ल्यूएचओका सिरिया प्रमुखले सिरियाली सरकारका उच्च पदस्थ राजनीतिज्ञसँग सम्झौता गर्न कर्मचारीलाई दबाब दिएकी तथा लगातर गलत ढङ्गले कोष र दाताले दिएको रकम दुरूपयोग गरेको वयान दिएका भेटिएको छ ।

क र्म चा रि ले अनुसन्धानकर्तालाई उनले भ्रष्टाचार गरेको वयान दिएका दस्तावेज एपीले हात पारेको हो। म्याग्टिमोभाले उनीमाथि लागेका आरोपबारे जवाफ दिन अस्वीकार गरेकी छन् । आफ्नो पदीय मर्यादाको ख्याल गर्दै उनले जानकारी दिन अस्वीकार गरेकी बताइएको छ । यद्यपि उनले ती आरोपलाई अपमानजनक भनेकी छन् ।

उनीविरूद्ध १२ जना कर्मचारीले उजुरी गरेका थिए । उजुरीपरेसँगै डब्ल्यूएचओले २० भन्दा बढी अधिकारी खटाएर आन्तरिक अनुसन्धान थालेको छ । उक्त संस्थाले उनीविरूद्धको अरोपको छानबिन भइरहेको र त्यसनिम्ति बाह्य अनुसन्धानकर्ता परिचालन गरेको बताएको छ ।

# 'कठिन समय'मा उचित 'प्राथमिकताहरू'मा ध्यान केन्द्रित गर्न ट्रसको आग्रह

**एएफपी**

लण्डन । बेलायती प्रधानमन्त्री लिज ट्रसले आफूले 'कठिन समय' बिताइरहेको स्वीकार्दै सरकारले आफ्ना प्राथमिकताहरूमा ध्यान केन्द्रित गरोस् भन्ने चाहेको प्रधानमन्त्रीका प्रवक्ताले बिहीबार बताउनुभएको छ ।

ट्रसले विपक्षीको कटाक्ष, सांसदहरूको विद्रोह र एक प्रमुख मन्त्रीको राजीनामाको सामना गरेपछि प्रवक्ताले भन्नुभयो,"प्रधानमन्त्रीले हिजो एक कठिन दिन थियो भनेर स्वीकार्नुभएको छ । ट्रसले सरकारले 'राजनीतिमा कम' र उचित 'प्राथमिकताहरू पूरा गर्न' बढी ध्यान केन्द्रित गरोस् भन्ने चाहेको उहाँले बताउनुभयो ।

अर्थमन्त्री क्वासी क्वार्टेङलाई बर्खास्त गरेको केही दिनपछि र ट्रस सरकारको ऋणमा आधारित बजेटलाई टुक्राउने निर्णयले बेलायतको अर्थ बजारमा उथलपुथल मच्चाएको थियो ।

ओएएनडीएका विश्लेषक क्रेग एर्लामले एएफपीसँग भन्नुभयो,"बेलायतले उच्च मुद्रास्फीति, तीव्र गतिमा बढिरहेको ब्याजदर र मन्दीको चपेटामा परेको अर्थतन्त्रका कारण ठूलो चुनौतीको सामना गरिरहेको छ ।'

उहाँले भन्नुभयो,"अन्तिम आवश्यकता भनेको सेट पूरा गर्न अक्षम र अस्थिर सरकार जिम्मेवार थियो ।'

पाउण्ड र बेलायती नीतिको प्रतिफल कमजोर हुँदा बेलायती अर्थव्यवस्थाले ठूलो सङ्कटको सामना गरिरहेको छ र सरकारी सेवा कमजोर बन्नुका साथै बजार अस्थिर बनेको छ ।

# उनान्सय बालबालिकाको मृत्युपछि तरल औषधिको उपयोगमा प्रतिबन्ध

**सिन्ह्वा**

जकार्ता । इन्डोनेसियाले मिर्गौलाको गम्भीर चोटका कारण ९९ जना बालबालिकाको मृत्यु भएपछि सबैखाले झोल औषधिको उपयोगमा अल्पकालीन प्रतिबन्ध जारी गरेको छ । देशका २० प्रान्तमा मिर्गौलामा गम्भीर चोट लागेका २०६ जनामध्ये ९९ जनाको मृत्यु भएपछि सबै तरल औषधिको उपयोग अस्थायीरूपमा रोक लगाइएको स्वास्थ्य मन्त्रालयले पत्रकार सम्मेलन गरेर जनाएको हो ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता मोहम्मद स्याहरिलले विशेष गरी छ वर्षभन्दा कम उमेरका बालबालिकामा साउनको अन्त्यदेखि सङ्क्रमण बढेको, केही बिरामीलाई पखाला चल्ने, खोकी लाग्ने, वाकवाकी हुने लक्षण देखापरेका उक्त मन्त्रालयका प्रवक्ता मोहम्मद स्याहरिलले बताए । कोभिड-१९ खोपका कारण बालबालिका हताहत नभएका स्पष्ट गर्दै उनले छ वर्ष वा त्यसभन्दा माथिका बच्चालाई मात्र खोप लगाउन आह्वान गरिएको बताए ।

भारतमा उत्पादन गरिएका चार प्रकारका खोकीका झोल औषधिले गाम्बियामा ७० बालबालिकाको मिर्गौलामा गम्भीर समस्या भई ज्यान नै गएको बताइएको छ । इन्डोनेसियाको खाद्य तथा औषधि नियामक निकायले भारतीय औषधि देशमा दर्ता नभएको बताएको छ । त्यस सम्बन्धमा थप अनुसन्धान भइरहेको अधिकारीहरूले जनाएका छन् ।

# ऊर्जा केन्द्रमा रूसी आक्रमणपछि विद्युत संकट टार्न युक्रेनले विद्युत् बचतका उपायहरू लागू गर्दै



**एएफपी**

कीभ । रूसी आक्रमणले देशको ऊर्जा पूर्वाधारमा गम्भीर क्षति पुऱ्याएपछि युक्रेनले बिहीबार विद्युत् बचतका उपायहरू लागू गर्दै सम्भावित विद्युत कटौतीको तयारी गरेको छ । रूसी क्षेप्यास्त्र र ड्रोन आक्रमणबाट एक हप्तामा युक्रेनको कम्तीमा ३० प्रतिशत विद्युत् गृह ध्वस्त भएपछि अधिकारीहरूले युक्रेनी नागरिकलाई आफ्नो विद्युत् खपतमा भारी नियनत्रण गर्न आग्रह गरेका छन् । कीभका मेयर भिटाली क्लिट्स्कोले उद्यमी, विज्ञापनदाता, पसल, क्याफे र रेस्टुरेन्टलाई सकेसम्म स्क्रिन र विद्युतको अतिआवश्यक बाहेकका अनावश्यक सेवालाई नियन्त्रण गर्न आग्रह गर्नुभएको छ ।

उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ,"सानो तिनो बचत र हरेक घरमा विद्युत् खपतमा कमी आउँदा पनि राष्ट्रिय ऊर्जा प्रणालीको सञ्चालनलाई स्थिर बनाउन मद्दत पुग्नेछ ।' पश्चिमी इभानो-फ्रान्किभ्स्को क्षेत्रले बढी ऊर्जा खपत हुने २० औद्योगिक उत्पादकहरूलाई ऊर्जा प्रयोग कम गर्न तालिकाहरू प्रस्तुत गरेको छ ।

एक स्थानीय ऊर्जा आपूर्ति कम्पनीले पानी उमाल्ने मेसिन, विद्युतीय चुल्हो र वासिङ मेशिनजस्ता उपकरणहरूको प्रयोगलाई 'कम' गर्न पनि स्थानीय बासिन्दाहरूलाई आग्रह गरेको छ । पश्चिममा एल्भिभ र चेर्निभत्सी क्षेत्रका निजी विद्युत प्रदायकहरूले औद्योगिक उद्यमहरूको लागि बिजुली खपत सीमित गर्न एक तालिका सार्वजनिक गरेका छन् ।

यद्यपि, यो कदम 'महत्वपूर्ण पूर्वाधार उद्यमहरू' मा लागू हुँदैन र सर्वसाधारणका लागि विद्युत खपतको कुनै पनि बाध्यकारी निर्देशन दिइएको छैन । विद्युतीय यातायात, जाडोमा न्यानो राख्न उपकरणहरू, पानीका लागि प्रयोग हुने मेसिन तथा पम्प, अस्पताल र बेकरी सेवाहरू बिना कुनै प्रतिबन्ध सञ्चालन रहनेछन्,' विज्ञप्तिमा भनिएको छ । रूसी आक्रमणमा महिनौंसम्म लक्षित गरिएको युक्रेनको दोस्रो ठूलो शहर खार्किभमा मेट्रो अपरेटरले बिजुली बचत गर्न रेलहरू बीचको अन्तराल बढाउने बताएको छ ।

# प्रधानमन्त्री मोदी र संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसद्वारा गुजरातमा 'मिशन लाइफ'को शुभारम्भ

**एएनआई**

नर्मदा । प्रधानमन्त्री नरेन्द्र मोदी र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बिहीबार गुजरातको एकता नगरमा मिशन लाइफ अभियानको शुभारम्भ गर्नुभएको छ।

प्रधानमन्त्री मोदीद्वारा परिकल्पना गरिएको मिशन लाइफ भारतको नेतृत्वमा विश्वव्यापीरूपमा व्यापक जनसहभागिता सहित वातावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको कार्यक्रम हो।

मिशन लाइफ कार्यक्रम अन्तर्गत संयुक्त राष्ट्रसंघ र अन्य अन्तरराष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तन का असर सम्बोधन गर्ने र दिगो विकास लक्ष्यहरूको प्रारम्भिक उपलब्धिहरू प्रदर्शन गर्नको लागि भारतको पहल महत्त्वपूर्ण हुने अपेक्षा राखिएको छ ।

यसअघि प्रधानमन्त्री मोदीले संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेससँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । दुवैले केभाडियाको स्ट्याच्यु अफ युनिटीमा पुष्पहार अर्पण गर्नु भएको थियो । संयुक्त राष्ट्रसंघका महासचिव मिशन लाइफ (पर्यावरणका लागि जीवन शैली) पुस्तिका, लोगो र ट्यागलाइनको विमोचनमा प्रधानमन्त्री मोदीसँग सामेल हुनु भएको थियो । राष्ट्रसंघका महासचिव तीन दिने भारत भ्रमणमा हुनुहुन्छ ।

# इण्डोनेशियालाई जी-२० मा चीनले सघाउने

**सिन्ह्वा**

बेइजिङ । चीनले इन्डोनेशियालाई विश्वका प्रमुख विकसित र विकासशील अर्थतन्त्रहरूको अन्तरसरकारी मञ्च जी-२० मा इण्डोनेशियालाई सघाउने घोषणा गरेको छ ।

यही कात्तिक २९ गते इण्डोनेशियाको बालीमा हुने जी-२० को शिखर बैठकमा समूहको अध्यक्षको रूपमा आफ्नो भूमिका निर्वाह गर्न इण्डोनेशिया सक्षम रहेको जनाउँदै चीनले उसलाई सम्मेललनमा सघाउने एवम् भावी योजना एवम् रणनीतिमा आफ्नो समर्थन रहने बताएको हो ।




शिखर सम्मेलनले विश्वव्यापी कोभिड-१९ प्रतिको प्रतिकार्य, आर्थिक पुनरुत्थान, खाद्य सुरक्षा तथा ऊर्जामा योगदान गर्ने अपेक्षा चीनको रहेको एक जना वरिष्ठ चिनियाँ कूटनीतिज्ञले बिहीबार बताएका हुन् । उप विदेशमन्त्री मा झाओसुले बाली शिखर सम्मेलनको "एकसाथ सुदृढ पुनः प्राप्तिको नारालाई चीनको समर्थन रहेको बताउँदै कोभिड-१९ प्रतिको प्रतिकार्यका निम्ति अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ तुल्याउन, विश्वव्यापीरूपमा आर्थिक सुधार प्रवर्द्धनगर्ने, विश्वव्यापी खाद्य र ऊर्जा सुरक्षा सुनिश्चित गर्नेलगायत क्षेत्रमा शिखर सम्मेलनले सक्रिय एवम् रचनात्मक भूमिका निर्वाह गर्ने बताए ।

चिनियाँ कम्युनिष्ट पार्टीको २०औं राष्ट्रिय महाधिवेशनको अवसरमा आयोजित पत्रकार सम्मेलनमा उप विदेशमन्त्री माले समूहको सदस्यको रूपमा चीनले अन्तर्राष्ट्रिय आर्थिक सहयोग र विश्वव्यापी आर्थिक सुशासनमा सक्रिय भाग लिइरहेको, दिगो, सन्तुलित एवम् समावेशी वृद्धिलाई अघि बढाउन अन्य पक्षहरूसँग मिलेर काम गरिरहेको बताए ।

# घाँस खेतीबाट मनग्य आम्दानी



त्रिवेणी । जिल्लाको गैंडाकोट नगरपालिकाका कृषक कृष्ण भट्टले विगत पाँच वर्षदेखि व्यावसायिक रुपमा घाँस खेती गर्दै आउनुभएको छ। नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको गैंडाकोट नगरपालिका-१२ मा डेढ बिघा क्षेत्रफलबाट घाँस खेती सुरु गर्नुभएका उहाँले हाल १४ बिघा क्षेत्रफलमा घाँस खेती गर्दै आउनुभएको छ।

श्री स्वस्थानी घाँस स्रोत केन्द्र तथा बाख्रा फर्म स्थापना गरी सोहीमार्फत जग्गा भाडामा लिएर उहाँले व्यावसायिक घाँस खेती गर्दै आउनुभएको हो । गैंडाकोटसहित देवचुली, कावासोतीका विभिन्न क्षेत्रमा उहाँले घाँस खेतीसहित उखु, गिठ्ठा लगाउनु भएको छ। व्यावसायिक घाँस खेतीमा लाग्नुभएका उहाँले यस खेतीबाट राम्रो आम्दानीसमेत गर्दै आउनुभएको छ।

वार्षिकरुपमा घाँस बिक्रीबाट रु २५ लाखसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ रहेको छ । कृषक भट्टले घाँससहित घाँसका बिरुवासमेत बिक्री गर्दै आउनुभएको छ। "घाँस खेतीबाट राम्रै आम्दानी छ, थोरैबाट यसतर्फ लागे अहिले क्षेत्र विस्तार गर्दै गएको छु", उहाँले भन्नुभयो, "घाँससहित घाँसका बिरुवाको बिक्रीसमेत राम्रो नै छ।"

आफूले लगाएको घाँस जिल्लाकै पशुपालक किसानले खरिद गरी लैजाने गरेको उहाँले बताउनुभयो। घाँसका बिरुवा भने नवलपुरसहित देशका विभिन्न जिल्लाका किसानले खरिद गरी लैजाने गरेको कृषक भट्टले बताउनुभयो। घाँस बिक्रीमा खासै समस्या नभएको उहाँको भनाइ रहेको छ। जिल्लाका पशुपालक कृषक घाँस लगाएको खेतमै आएर घाँस खरिद गरी लैजाने गरेको बताउनुभयो।

उहाँले सुपर नेपियर, मलाटो, नेपियरलगायतका घाँस खेती गर्दै आउनुभएको छ। घाँस प्रतिकेजी रु छ प्रतिकेजी र घाँसका बिरुवा प्रजाति हेरि प्रतिबिरुवा रु दुईदेखि रु ५० सम्ममा बिक्री हुने गरेको भट्टले बताउनुभयो । हरियो घाँसभन्दा घाँसको बिरुवा बिक्रीबाट धेरै आम्दानी लिने गरेको उहाँको भनाइ रहेको छ।

घाँस पशुपालक किसानका लागि अतिआवश्यक भएकाले आफूले सबै जसो किसानलाई घाँसखेती गर्न उत्प्रेरित गर्ने गरेको उहाँले बताउनुभयो। घाँस लगाउँदा पशुपालक किसानका लागि दानाको विकल्प हुने हुँदा उत्पादन लागत घट्ने र यसले आम्दानी बढाउने हुँदा पशुपालक कृषकलाई घाँस खेती गर्न सुझाव दिने गरेको किसान भट्टको भनाइ छ। परालभन्दा समेत सस्तो हुने र हरियो घाँसमा पोषक तत्वसमेत कायम रहने हुँदा यो पशुपालक किसानका लागि लाभदायक हुने उहाँले बताउनुभयो। "दाना तथा परालको विकल्प घाँस हुन्छ, यसले एकातर्फ पशुलाई पोषिलो आहारा प्राप्त हुन्छ, अर्कोतर्फ उत्पादन लागत घटेर, आम्दानी बढ्छ", उहाँले भन्नुभयो, "यसकारण मैले पशुपालक किसानले घाँस खेती गरुन् भन्ने चाहन्छु।"

कृषि उत्पादनबाटै देशको अर्थतन्त्र मजबुत बनाउन सकिने धारणा राख्ने भट्टले कृषिको विकासका लागि राष्ट्रिय कृषि सैनिक तयार पार्नुपर्ने तर्क गर्नुभयो । धेरैभन्दा धेरै कृषिमा लाग्ने युवा तयार पारी उत्पादन वृद्धि गर्ने योजनाका साथ काम गर्नुपर्ने उहाँको धारणा रहेको छ। उहाँले घाँस खेतीसहित पाँच बिघा क्षेत्रफलमा रानी गिठ्ठाको समेत व्यावसायिक खेती गर्दै आउनुभएको छ । चार वर्षअघि रु १० लाखको लागतमा रानी गिठ्ठाको व्यावसायिक खेती सुरु गरेको कृषक भट्टले बताउनुभयो।

एक पटक लगाएको गिठ्ठाबाट पटक पटक उत्पादन लिन सकिने उहाँको भनाइ छ। जमिनमुनि र माथि लहरामा समेत फल्ने भएकाले उत्पादन राम्रो भएको कृषक भट्टले बताउनुभयो । उत्पादित गिठ्ठा स्थानीय बजारसँगै, चितवन, पोखरा, काठमाडौंलगायतका सहरमा बिक्री हुँदै आएको उहाँले जानकारी दिनुभयो ।रासस

# प्रकृति संरक्षणमा अन्तरनिकायबीच समन्वय र सहजीकरण आवश्यक : प्रधानमन्त्री देउवा

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले प्रकृति संरक्षणको क्षेत्रमा काम गर्ने निकायबीच समन्वय र सहजीकरण हुनु अतिआवश्यक रहेको बताउनुभएको छ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको ४० औं वार्षिकोत्सवको अवसरमा बिहीबार कार्यक्रमा उहाँले जैविक विविधता संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा धेरै काम गर्नुपर्ने उल्लेख गर्दै यसबाट नेपाल र नेपालीले धेरै लाभ लिनसक्ने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवाले नेपालको मनोरम हिमशृङ्खला, तराईदेखि हिमालसम्मको भौगोलिक विविधता एवं संस्कृति र यहाँ पाइने वन्यजन्तु तथा चराचुरुङ्गीजस्ता प्रकृतिको गहनाका रूपमा रहेको उल्लेख गर्दै प्रकृति संरक्षण तथा जैविक विविधताको माध्यमबाट नेपालको पर्यटन विकास र समृद्धिको महत्वपूर्ण आधार हुन पुगेको बताउनुभयो।

कोषका संरक्षकसमेत रहनुभएका उहाँले नेपालले बाघ संरक्षणको क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको जनाउँदै पछिल्ला वर्षमा नेपालबाट अन्तर्राष्ट्रिय समुदायसामु सकारात्मक सन्देश प्रवाह भएको उल्लेख गर्नुभयो । "सन् २०१० मा बाघको सङ्ख्या एक सय २१ लाई दोब्बर बनाएर दुई सय ५० पुर्‍याउने नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता थियो । त्यसमा नेपाललाई अपार सफलता मिलेको छ। अब, हामीले बाघको सङ्ख्या त बढायौं पछिल्ला दिनमा मानव-वन्यजन्तुद्वन्द्व बढिरहेको अवस्थामा यस चुनौतीका बिचमा हामीले असिमित सम्भावना खोज्न जरुरी छ ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री देउवाले मुलुकको दिगो विकाससँग प्रकृति र जैविक विविधता संरक्षण प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै योसँग जोडिएर संरक्षणसम्बन्धी ठोस् तथा उपलब्धिमूलक कार्यक्रम तर्जुमा गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो। उहाँले कोषले समुदायमा आधारित संरक्षणको अभ्यास गर्दै नयाँ अभ्यास अपनाउन सफल भएको बताउदैं संरक्षण क्षेत्रको व्यवस्थापनमा अन्नपूर्ण संरक्षण क्षेत्रको मोडेल विश्वप्रसिद्ध रहेको धारणा व्यक्त गर्नुभयो।

कोषले संरक्षण क्षेत्र व्यवस्थापनमा जनसहभागितामा आधारित संरक्षण र वन्यजन्तुको अध्ययन अनुसन्धानमा पुर्‍याएको योगदान विश्वमै प्रख्यात रहेको बताउदैं उहाँले नेपालको कूल भू-भागमध्ये संरक्षित क्षेत्रले ओगटेको २३ दशमलव ३९ प्रतिशत भू-भागलाई वृद्धि गर्दै लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो। कोषले आफ्नो गौरवशाली इतिहासमा सदरचिडियाखानाको व्यवस्थापनमा पुर्‍याएको योगदान स्मरणीय रहेको बताउँदैं उहाँले यो चिडियाखानालाई संरक्षण शिक्षा केन्द्रका रूपमा राख्दै भक्तपुरको सूर्यविनायकलाई अन्तरर्ष्ट्रियस्तरको प्राणी उद्यानमा विकास गर्नेगरी कार्य भइरहेकामा यसलाई तदारुपताकासाथ अघि बढाउन निर्देशन दिनुभयो।

कोषले जलवायु परिवर्तनको क्षेत्रमा जलवायु वित्त संयन्त्रमा प्रवेश गरी यस क्षेत्रको हरित जलवायु कोषको रूपमा मान्यता प्राप्त गरिसकेको सन्दर्भमा सम्बन्धन प्राप्त निकायका रूपमा मुलुकको जलवायु अनुकूलन र न्यूनीकरणका लागि परियोजना भित्र्याउन सहज वातावरण निर्माण भएको उहाँको भनाइ छ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले प्रकृति संरक्षण, वन्यजन्तु एवं जैविवि विविधताको प्रवर्द्धनमा कोषले महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै अन्तर निकायबीच समन्वय गरेर प्रकृति संरक्षणको कामलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा पूर्वमन्त्री दीपक ज्ञवाली, वन तथा वातावरण मन्त्रालयका सचिव डा पेमनारायण कँडेल, कोषका अध्यक्ष डा कृष्णप्रसाद आचार्य र सदस्यसचिव शरद अधिकारीलगायतले संरक्षणको क्षेत्रमा नेपालले हासिल गरेको उपलब्धि विश्व समुदायका लागि उदाहरणीय रहेको भन्दै आगामी दिनमा प्रकृति तथा जैविक विविधता सम्पदाको संरक्षणलाई आधुनिक ढङ्गले अघि बढाइनुपर्ने बताउनुभयो।

प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्यले विसं २०३९ मा राष्ट्रिय प्रकृति कोष स्थापना गरिएको थियो । अन्नपूर्णलगायत तीन संरक्षित क्षेत्रको व्यवस्थापन कोषबाट हुँदै आएको छ। 'संरक्षणका चार दशकः गौरवमय इतिहास र अबको बाटो' भन्ने नाराका साथ कोषले वार्षिकोत्सव मनाएको हो।

सो अवसरमा प्रकृति, वन र वन्यजन्तु संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने विश्वनाथ उप्रेतीलाई रु एक लाख २५ हजार राशिको कोषको संरक्षक संरक्षण पुरस्कारबाट सम्मान गरिएको छ। पुरस्कृत उप्रेतीलाई प्रधानमन्त्री देउवाले नगदसहित दोसल्ला र कदर-पत्रद्वारा सम्मान गर्नुभएको थियो। कोषले वंयजन्तु संरक्षणमा योगदान पुर्‍याउने विभिन्न निकाय तथा व्यक्तिलाई पनि कदर-पत्रबाट सम्मान गरेको छ।रासस

# नेप्से परिसूचकमा झिनो अङ्कको गिरावट

**टुडे समाचारदाता**

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार झिनो अंकले ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक दशमलव ३८ अंकले ओरालो लागेर एक हजार आठ सय ४४ दशमलव १४ मा सीमित भएको छ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव शून्य नौ अंकले उकालो लागेर तीन सय ६३ दशमलव शून्य पाँचमा पुगेको छ।

कूल दुई सय २१ कम्पनीको १५ लाख ४६ हजार आठ सय ५७ कित्ता शेयर रु ५० करोड ७६ लाख ८९ हजार पाँच सय ६१ मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्यमा झिनो अंकको वृद्धि भएको छ। यस्तै, १० उपसमूहको शेयर मूल्यमा भने गिरावट भएको छ । कारोबारका आधारमा अभियान लघुवित्त शीर्ष स्थानमा छ।

सो कम्पनीको रु तीन करोड ६९ लाख ५२ हजार नौ सय एक बराबरको कारोबार भयो। गरिमा विकास बैंक रु दुई करोड ६७ लाख ५४ हजार तीन सय १६, एभरेष्ट बैंक रु दुई करोड ४९ लाख चार हजार सात सय ५३, नबिल बैंक रु दुई करोड ३७ लाख ८८ हजार दुई सय ७१ र एनआइसी एशिया बैंकको रु एक करोड ३३ लाख ८८ हजार बराबरको कारोबार भइ शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार सयपत्री हाइड्रोपावर नौ दशमलव ९७, बिन्दवासिनी हाइड्रोपावर चार दशमलव ३७, विशाल बजार कम्पनी चार दशमलब शून्य चार, नारायणी डेभलपमेन्ट बैंक तीन दशमलब दशमलब ४० र रुरु जलविद्युत् परियोजनाका लगानीकर्ताले दुई दशमलब ७० प्रतिशतले कमाएका छन्।

त्यस्तै, सेञ्चुरी बैंकको ऋणपत्र सात दशमलब ७३, सामुदायिक लघुवित्त सात दशमलब ६७, अभियान लघुवित्त छ दशमलब ५९, हिमालयन पावर पाटर्नर पाँच दशमलब ६१ र अप्पर हेवाखोला हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलब ५६ प्रतिशतले गुमाएका छन्।

# मेगा बैंकले ल्यायो भू-सेवा केन्द्र संचालनमा

**टुडे समाचारदाता**

काठमाण्डु। मेगा बैंक नेपाल लिमिटेडले ग्राहकहरुलाई सहज रुपमा घर, जग्गा, अपार्टमेन्टको रोक्का तथा फुकुवा कार्य सहज रुपमा उपलब्ध गराउने उद्देश्यले भू-सेवा केन्द्र संचालनमा ल्याएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको भूमि व्यवस्थापन तथा अभिलेख विभागसंगको समन्वयमा भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ तथा भू-सेवा केन्द्र संचालन निर्देशिका (पहिलो संशोधन), २०७८ बमोजिम भू-सेवा केन्द्र संचालनको अनुमति लिइ घर, जग्गाको रोक्का तथा फुकुवा अनलाइनबाट गर्ने कार्यको सुरुवात गरेको मेगा बैंकले जनाएको छ।




भूमि व्यवस्थापन तथा अभिलेख विभागमा आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलिया तथा मेगा बैंक नेपाल लिमिटेडका अध्यक्ष भोजबहादुर शाहको उपस्थितिमा अनलाइन प्रणालीमार्फत धितो बन्धक रोक्का, रोक्का फुकुवा गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा मेगा बैंकका तर्फबाट का.मु. प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ तथा भूमि व्यवस्थापन तथा अभिलेख विभागका तर्फबाट महानिर्देशक पिताम्बर घिमिरेले हस्ताक्षर गरेका छन्।

भू-सेवा केन्द्र संचालनमा आएपछि घर, जग्गाको रोक्का तथा फुकुवाका लागि बैंकको प्रतिनिधि, जग्गा धनी तथा ऋणी सम्बन्धित मालपोत कार्यालयहरुमा उपस्थित नभइ बैंककै भू-सेवा केन्द्रमा उपस्थित भइ आवश्यक कागजपत्रहरु अनलाइनमार्फत पेश गरे पुग्नेछ।

बैंकबाट रोक्का तथा फुकुवा कार्य गर्न सकिने हुँदा बैंक, सेवाग्राही तथा सम्बन्धित मालपोत कार्यालयहरुलाईसमेत रोक्का तथा फुकुवा कार्यमा सहजीकरण हुने विश्वास मेगा बैंकको छ । यसबाट सेवाग्राही तथा बैंकको समय तथा लागतको समेत बचत हुन गइ समयमा नै बैंकिङ्ग सुविधा उपभोग गर्न सकिनेछ भने मालपोत कार्यलयहरुमासमेत बैंकको रोक्का तथा फुकुवा कार्यका लागि सेवाग्राहीहरुको भीडमा कमी आइ अझै प्रभावकारी ढंगबाट विश्वासनीय सेवा प्रवाह गर्ने वातावरण सिर्जना हुने मेगा बैंकले विश्वास लिएको छ।

# सुनको मूल्य प्रतितोला रु ९३ हजार एक सय

**टुडे समाचारदाता**

काठमाण्डु। सुनचाँदी बजारमा बिहीबार छापावाल सुनको मूल्य प्रतितोला रु ९३ हजार एक सय तोकिएको छ।

अघिल्लो दिन प्रतितोला रु ९३ हजार दुई सयमा कारोबार भएको सुन बिहीबार प्रतितोला रु एक सयले घटेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको मूल्य प्रतितोला रु ९२ हजार छ सय छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९२ हजार सात सय थियो।

त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले घटेर रु एक हजार एक सय ७० तोकिएको महासङ्घले जनाएको छ।

# पशुपालनबाट मनग्य आम्दानी

दोधारा चाँदनी। कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० का हरिभान साउँद व्यावसायिक रुपमा पशुपालनमा लाग्नुभएको छ। रु ७० लाख लगानी गरेर उहाँले बाख्रा, कुखुरा, बङ्गुर, माछा, कालिज र बट्टै पालन गरिरहनुभएको छ । कोरोना महामारीका बेला भएको लकडाउनका कारण पत्रकारिता छोडेर व्यावसायिक रुपमा पशुपालनमा लागेको उहाँले बताउनुभयो।

"सुरुमा मैले बट्टै पालन गरेको थिए पुख्यौली पेसा बाख्रा पालनले मलाई कृषिको सम्भावना देखायो।" उहाँले भन्नुभयो, "लकडाउनपछि मैले चन्द्रप्रताप एग्रो फार्म सञ्चालन गरेर व्यावसायिक रुपमै पशुपालनमा लागे।" सुरुआतामा रु चार लाख लगानीमा बाख्रा पालन सुरु गरेका उहाँले व्यवसाय विस्तार गर्दै अहिले रु ७० लाख लगानी गरेको उहाँले बताउनुभयो।

"बाख्रा पालनबाट कृषिमा सम्भावना देखेपछि मैले व्यवसाय विस्तार गर्दै गए अहिले भैंसीपालनका लागि तयारी गर्दै छु।" उहाँले भन्नुभयो, "यो पेशा मैले आत्मसन्तुष्टिका लागि रोजेको हु यसमा टिक्न सक्यो भने राम्रो फाइदा छ।" उहाँको फार्ममा अहिले दुई सय वटा उन्नत जातका बाख्रा, एक सय वटा बङ्गुर रहेका छन् । बाख्रापालनमा राम्रो सम्भावना देखेका उहाँले बाख्रा पालन बढाएर पाँच सयसम्म पुगाउने लक्ष्य रहेको सुनाउनुभयो।"अहिले प्रदेश सरकारबाट पनि मैले रु ४० लाख अनुदान पाएको छु।" उहाँले भन्नुभयो, "अनुदानले मलाई सहज भएको छ व्यवसाय विस्तार गर्छु ।" अहिले भैंसीपालनका लागिसमेत आधुनिक गोठ निमार्ण गरिरहेको उहाँले बताउनुभयो । "भैंसीपालनमा पनि राम्रो सम्भावना देखेको छु सुरुआत चार वटा भैंसीबाट गर्छु।" उहाँले भन्नुभयो, "विस्तारै २० वटासम्म भैंसीपालन गर्ने लक्ष्य छ।"

पशुपालनमा थुप्रै समस्या रहेको भए पनि बजार समस्या भने कहिले झेल्नु नपरेको उहाँले बताउनुभयो । "हरेक बुधबार यहाँबाट काठमाडौं मैली खसी पठाउने गरेको छु अहिले प्रसस्त माग छ।"

उहाँले भन्नुभयो, "अहिले एकीकृत गरेर पशुपालन गरेको छु स्थानीय तहसँग समन्वय गरेर अन्य किसानलाई समेत अनुदानमा बाख्रा वितरण गरिरहेका छौं ।" उहाँको फार्ममा अहिले १० जनाले रोजगारी पाएका छन ।रासस


## Invitation for Bids

## Dhanushadham Municipality

### Office of Municipal Executive

### Dhanushadham, Dhanusha

**Invitation for Bids for the construction of different works**

**Date of publication: 20789-07-04**

1. Dhanushadham Municipality, Office of municipal Executive, Dhanushadham, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the construction of construction of different works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information ,visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**For Purchase of Bid document**

**Name of the Bank:** NIC Asia Bank, Dhanushadham Branch

**Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705 **Office Account no.:** 0312050025358004

**For cash Bank guarantee**

**Name of the Bank:** NIC Asia Bank, Dhanushadham Baranch

**Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705 **Office Account no.:** 0312050025358014

3. Municipality has right to accept or reject fully or partially without any reason.All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. | Bid document Fee Nrs. | Bid security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | construction of Grib nabaj madarsha kishanpur (DM/02/079-080) | 26,70,037/- with out vat and contingencies | 3000/- | 65,000/- | 2079-08-04 at 12:00 hrs | only E-Bid |
| 2 | construction of Darul url kadariya nurul islam madarsha nausay bighamadarsha kishanpur (DM/04/079-080) | 26,70,037/- with out vat and contingencies | 3000/- | 65,000/- | 2079-08-04 at 12:00 hrs | only E-Bid |
| 3 | Four rooms school building construction works pripur parbata (DM/05/079-080) | 49,71,182/- with out vat and contingencies | 3000/- | 1,20,000/- | 2079-08-04 at 12:00 hrs | only E-Bid |




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८